महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
ईस्मा गाउँपालिका
गुल्मी

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा दंगाल)

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश

पत्र संख्याः २०७८।७९
च.नं. ९४८

मितिः २०७९।३।२३

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
ईस्मा गाउँपालिका
गुल्मी।

कैफियत सहितको राय

हामीले इस्मा गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू ३ करोड ३१ लाख २८ हजार बेरुजू देखिएको छ। सोमध्ये मिति २०७९/३/१७ मा प्राप्त प्रतिक्रियाबाट रू ६६ लाख ८१ हजार फर्स्यौट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू ९ लाख ५९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ४२ लाख १४ हजार, नियमित गर्नुपर्ने रू.१ करोड ११ लाख ४९ हजार र पेश्की रु १ लाख २५ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्मको बेरुजू रु २ करोड २२ लाख २४ हजार बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछर्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू. रु ४ करोड ८१ लाख २८ हजार रहेको छ ।पालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर/गाउँ कार्यपालिका, नगरप्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(नारायण मुरासिनी)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

ईस्मा गाउँपालिका

बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
										नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या			दफा संख्या			दफा संख्या									
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
९०	३८	३३१२८	०	१०	६६८१	९०	२८	२६४४७	९५९	१११४९	१४२१४	०	०	२५३६३	१२५

अद्यावधिक बेरुजू स्थिति
२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
गुल्मी	२२२२४	०	५४३	२१६८१	०	२६४४७	४८१२८

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : इस्मा गाउँपालिका, गुल्मी , इस्मा गाउँपालिका , गुल्मी

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	समसुल हक मिया	२०७८-१२-२८	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	bishnu bahadur gharti	२०७७-११-२६	
कार्यालय प्रमुख	narayan mahat	२०७६-१२-२१	
कार्यालय प्रमुख	nabaraj subedi	२०७८-६-१८	२०७८-१२-१७
लेखा प्रमुख	bishnu bhusal	२०७६-११-२०	
लेखा प्रमुख	Ashok kumar khadka	२०७८-१-१०	
		बेरुजु रकम	३३,१२८,०६८

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		४,२५,२६,१०१	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३०,८८,५०,४६४	चालु खर्च	३०,८४,१६,६२७.०५
प्रदेश सरकारबाट अनुदान	३,६१,५७,०००	पूँजीगत खर्च	१३,६३,३८,०५१.५६
राजश्व बाँडफाँट	६,४०,४१,९५६.२	वित्तीय/अन्य व्यवस्था	२,०८,३२,१६५.७९
आन्तरिक आय	९४,३०,९४७.८९		
अन्य आय	१२,०४,८४,०६०.३२		
कुल आय	५३,८९,६४,४२८.४१	कुल खर्च	४६,५५,८६,८४४.४
बाँकी मौज्दात		११,६४,००,५५४.९५	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ६ वडा, ३४ सभा सदस्य, ८१.८८ वर्ग किलोमिटर क्षेत्रफल तथा १२हजार ५६ जनसंख्या रहेको छ ।	
२			**वित्तिय अवस्था** सूत्र प्रणाली अनुसारको वित्तीय अवस्थाः	

विवरण	यस वर्ष रु.				गतवर्ष रु.		
	बजेट	आफैले गरेको प्राप्ति/ भुक्तानी	वस्तुगत/ सोझै भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/ भुक्तानी	वस्तुगत/ सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)	४५,८६,४४,८८९.०७	४३,९२,१५,३८९.३३		४३,९२,१५,३८९.३३	३५,४७,२०,९०६.५७		३५,४७,२०,९०६.५७
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)	४२,९५,९७,५३५.०७	४०,७४,७१,२७७.७७	०	४०,७४,७१,२७७.७७	३४,०३,००,८४६.५७	०	३४,०३,००,८४६.५७
११००० कर	७,८४,२४,०१६.५४	६,८५,८४,८५२.७४	०	६,८५,८४,८५२.७४	४,८८,८८,८४६.५७	०	४,८८,८८,८४६.५७
१३००० अनुदान	३४,८३,६३,२१५	३३,६०,७६,१२१.५०	०	३३,६०,७६,१२१.५०	२९,१४,१२,०००	०	२९,१४,१२,०००
संघीय सरकार	३०,८१,४०,९०५	२९,९९,१९,१२१.५०	०	२९,९९,१९,१२१.५०	२५,७०,५०,०००	०	२५,७०,५०,०००
प्रदेश सरकार	४,०२,२२,३१०	३,६१,५७,०००	०	३,६१,५७,०००	३,४३,६२,०००	०	३,४३,६२,०००
१४००० अन्य राजस्व	२४,२५,०८५.५३	२४,२५,०८५.५३	०	२४,२५,०८५.५३	०	०	०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय								बेरुजु रकम
			१५००० विविध प्राप्ति	३,८५,२१८	३,८५,२१८	०	३,८५,२१८	०	०	०	
			ख. अन्य प्राप्ति	२,९०,४७,३५४	३,१७,४४,१११.५६		३,१७,४४,१११.५६	१,४४,२०,०६०		१,४४,२०,०६०	
			कोषहरु	२,९०,४७,३५४	२,९३,००,६३८	०	२,९३,००,६३८	१,२२,६९,२०९	०	१,२२,६९,२०९	
			धरौटी	०	२४,४३,४७३.५६	०	२४,४३,४७३.५६	२१,५०,८५१	०	२१,५०,८५१	
			भुक्तानी (ग+घ)	५०,३७,७८,६३६	३७,०५,२५,२५२.१६		३७,०५,२५,२५२.१६	३०,२६,७७,५४९.८०		३०,२६,७७,५४९.८०	
			ग. भुक्तानी (सञ्चित कोषबाट)	४७,४७,३१,२८२	३५,५७,६०,२३३.७०		३५,५७,६०,२३३.७०	२९,५३,३३,५२१.८०		२९,५३,३३,५२१.८०	
			२१००० पारिश्रमिक / सुविधा	१५,६२,६८,९०५	१३,६०,९१,०८४	०	१३,६०,९१,०८४	१३,११,५३,८९८	०	१३,११,५३,८९८	
			मालसामान तथा सेवाको उपयोग	९,६१,४८,०००	७,९४,४७,२४२.०५	०	७,९४,४७,२४२.०५	४,०१,१५,३७२.५०	०	४,०१,१५,३७२.५०	
			२५००० सहायता (Subsidy)	८८,२३,०००	७९,७५,४०४	०	७९,७५,४०४	७२,३०,२२८	०	७२,३०,२२८	
			२६००० अनुदान	४,००,०००	२,००,०००	०	२,००,०००	२३,४४,७८०	०	२३,४४,७८०	
			२७००० सामाजिक सुरक्षा	१,१८,२६,०००	९५,५६,४७६	०	९५,५६,४७६	५५,७४,४०८	०	५५,७४,४०८	
			२८००० अन्य खर्च	१५,०३,७९७	११,९६,३६६	०	११,९६,३६६	११,९१,७३१	०	११,९१,७३१	
			गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१९,९७,६१,५८०	१२,१२,९३,६६१.६५	०	१२,१२,९३,६६१.६५	१०,७७,२३,१०४.३०	०	१०,७७,२३,१०४.३०	

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

घ. अन्य भूक्तानी	२,९०,४७,३५४	१,४७,६५,०१८.४६		१,४७,६५,०१८.४६	३०,२६,७७,५४९.८०		३०,२६,७७,५४९.८०
कोषहरु	२,९०,४७,३५४	१,४२,५६,१५४.४०	०	१,४२,५६,१५४.४०	७१,२९,०२८	०	७१,२९,०२८
धरौटी	०	१०,३४,०३४	०	१०,३४,०३४	२,१५,०००	०	२,१५,०००
कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी		(५,२५,१६९.९४)		(५,२५,१६९.९४)			
ङ. यो वर्षको बचत (न्युन)	(४,५१,३३,७४६.९३)	६,८६,९०,१३७.१७		६,८६,९०,१३७.१७	५,२०,४३,३५६.७७		५,२०,४३,३५६.७७
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)		२,४५,००,८५४		२,४५,००,८५४	२,५३,६१,८८७.४१		२,५३,६१,८८७.४१
वर्षान्तको बाकी रकम (ङ + च)	(४,५१,३३,७४६.९३)	९,३१,९०,९९१.१७		९,३१,९०,९९१.१७	७,७४,०५,२४४.१८		७,७४,०५,२४४.१८
बैंक तथा नगद बाकी		९,३१,९०,९९१.१७		९,३१,९०,९९१.१७	७,५२,३१,०९२.५४		७,५२,३१,०९२.५४

कार्यालयको सूत्र प्रणालीबाट तयार भएको आय व्ययमा देहायको अवस्था देखिएको छ ।

क) प्रणाली अनुसार शुरु मौज्दातः सुत्र प्रणालीले गत वर्षको अन्तिम मौज्दात र यो वर्षको शुरु मौज्दात बरावर देखाएको हुनु पर्दछ । तर कार्यालयको प्रणालीले गत वर्ष को अन्तिम मौज्दात रु ७,७४,०५,२४४/१८ देखाएकोमा यो वर्ष शुरु मौज्दात रु २,४५,००,८५४/- जिम्मेवारी सारेकोले रु ५,२९,०४,३९०/१८ घटी जिम्मेवारी सारेको देखियो। कार्यालयले यसको कारण उल्लेख गरेको छैन ।

ख) अन्तिम बैंक बाँकी मौज्दातः कार्यालयको पेश गरेको एकिकृत आर्थिक विवरणमा यो वर्षको अन्तमा बाँकी बैंक मौज्दात रु ११,३४,००,५५४।९५ रहेकोमा सूत्र प्रणाली वित्तीय अवस्था फा न २७२ ले रु ९,३१,९०,९९१।१७ बैंक मौज्दात देखाएकोले प्रणालीको वित्तीय विवरण र एकिकृत आय व्ययको मौज्दात फरक परेको देखियो । कार्यालयले यसको कारण उल्लेख गरेको छैन ।

ग) एकिकृत आयव्ययको शुरु मौज्दात्ः कार्यालयको गत वर्षको प्रतिवेदन अनुसार गत वर्षको मौज्दात रु ४ करोड ८८ लाख ५३ हजार रहेकोमा यो वर्ष तयार गरेको एकिकृत आय व्ययमा रु ४ करोड २५ लाख २६ हजार देखाएकोले घटी मौज्दात रु ६३ लाख २७ हजार सारेकोमा कार्यालयले कारण उल्लेख गरेको छैन । अतः कार्यालयले घटी जिम्मेवारी सारेको रकमको जिम्मेवारी कायम गरि हिसाब मिलान गरिनु पर्दछ

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			। **घ) धरौटीः** कार्यालयको गत वर्षको धरौटी बाँकी रु ३२,००,८५४।-र यो वर्षको आम्दानी रु २४,४६,४७३।५६ समेत रु ५६,४७,३२७।५६ मध्ये फिर्ता खर्च रु १०,३४,०३४।- भई बाँकी रु ४६,१३,२९३।५६ रहेकोमा सूत्र प्रणालीले यो वर्षको आम्दानी तथा फिर्ता खर्च रु १०,३४,०३४।- मात्र समावेश गरेको देखिएकोले प्रणालीले धरौटीको यथार्थ अवस्था देखाउन सकेको छैन । यसमा सुधार गरिनु पर्दछ । **ङ) राजश्वः** प्रणालीले राजश्व खातामा दाखिला भएको रु ३९,४१,३२३।- उल्लेख गरेको देखिएन । **च) आर्थिक विवरणको यथार्थताः** सूत्र प्रणालीले तयार गरेको आर्थिक विवरणले पालिकाको यथार्थ आर्थिक अवस्था चित्रण गरेको हुनु पर्दछ । तर प्रणालीमा देहायको कारोबारहरुको रु ८,८९,९४,४४५।- समावेश भएको नदेखिएकोले उक्त प्रणालीबाट तयार भएको आयव्ययले यथार्थ आर्थिक अवस्था चित्रण गर्न सक्दैन । यसमा सुधार गरिनु पर्दछ ।	

विवरण	बजेट	निकासा	खर्च रु	बाँकी
सामाजिक सुरक्षा कार्यक्रम	७६४३३०००	७३१७३४५०	७३१७३४५०	०
स्वच्छ बातावरण	२५०००००	१८८९७२८	१८८९७२८	
स्वास्थ्य पूर्वाधार विकास	१४४०००००	८१०००००	८१०००००	०
गरिवसंग विशेश्वर	७७७०००	७७६६०५	७७६६०५	०
स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम	६९०००००	५०५४६६२	५०५४६६२	०
जम्मा	१०१०१००००	८८९९४४४५	८८९९४४४५	०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३			**आन्तरिक नियन्त्रण प्रणाली**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३.१			**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४, आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व कानून तथा पालिकाको कारोवारको आकार, जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको देखिएन । साथै आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी देहायका कार्यहरु गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको तोकिएको ढाँचामा वार्षिक प्रतिवेदन तयारी पालिकाले कार्यक्रमगत तथा योजनागत खाता पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्ने सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार	
३.२			**म. ले. प. फाराममले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्धतिः** भ्रमण तथा भ्रमण खर्चको अभिलेख र आन्तरिक नियन्त्रणका लागि मलेप फारामको व्यवस्था गरिएको छ । यस सम्बन्धमा म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीकालागि भ्रमण अभिलेख राखेको भएतापनि अद्यावधिक नगरेको र फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन राखे नराखेकोले यसमा सुधार गरिनु पर्दछ ।	
३.३			**धरौटी बाँकीः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमवली, २०७७ को नियम अनुसार कार्यालयमा बाँकी रहेको धरौटी रकमको व्यक्तिगत अभिलेख राखेको हुनु पर्दछ । कार्यालयको अभिलेख अनुसार यो वर्षको अन्तसम्ममा धरौटी मौज्दात रु ४६,१३,२९३।५६ बाँकी रह्को देखियो । तर कार्यालयले धरौटीको व्यक्तिगत कच्चावारी अभिलेख तयार गरेको देखिएन । अतः व्यक्तिगत धरौटीको कच्चावारी अभिलेख तयार गरि धरौटी मौज्दात रकम अध्यावधिक गरिनु पर्दछ ।	
४			**खरिद व्यवस्थापन**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४.१			**खरिद सम्झौता कार्यान्वयनः** कार्यलयले निर्माण कार्यहरु गराउँदा निर्माण कार्य सम्झौतामा तोकिएको म्याद भित्र कार्य सम्पन्न हुने, सम्पन्न भएको निर्माण कार्य स्वीकार्दा सोको प्रतिवेदन तयार गर्ने, निर्माण गरिएको संरचनाको उद्देश्य अनुरुप सञ्चालन गर्न उपयुक्त छ भन्ने कुरा संरचनाको उपयुक्तताको परीक्षण गरी प्रमाणित गर्ने नगरिएको, सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिनभित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज बिल्ट) नक्शा पेश गर्ने र त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गराउने गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ ।	
४.२			**निर्माण कार्यको गुणस्तर परीक्षणः** सार्बजनिक खरिद ऐन, २०६३ को दफा ६३ (१) को खण्ड ग अनुसार सम्झौता अनुसारको गुणस्तर परिक्षण तथा नियमावली,२०६४ को नियम १११ (१) को खण्ड ङ अनुसार गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्ने व्यवस्था गरेको छ । त्यस अनुसार निर्माण व्यवसायी वा उपभोक्ता समितिलाई गुणस्तर आश्वस्तता कार्य योजना पेश गर्न लगाई निर्माण कार्यमा प्रयोग हुने सम्पूर्ण निर्माण सामाग्री तथा निर्माण कार्यको गुणस्तर परीक्षण गराइनु पर्नेमा केही पाइप तथा निर्माण सामाग्रीको गुणस्तर परीक्षण गराएतापनि अधिकाँश निर्माण सामाग्री तथा निर्माण कार्यको गुणस्तर षरीक्षण गरेको देखिएन । त्यस्तै कार्यालयका प्राविधिकहरु निर्माणस्थल साइटमा गुणस्तर नियन्त्रणकालागी अनुगमन निरीक्षण गरेर तयार गर्नुपर्ने निरीक्षण अभिलेख तथा साइट रजिष्टर राखेको नदेखिएकोले गुणस्तर नियन्त्रण पर्याप्त भएको सन्दर्भमा आश्वस्तता हुनसक्ने अवस्था देखिएन । अतः यसमा सुधार गरिनु पर्दछ ।	
४.३			**सार्वजनिक परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले सार्वजनिक परीक्षण गर्ने गरेको देखिएन । यसम सुधार गरिनु पर्दछ ।	
५			**बजेट तथा कार्यक्रम**	
५.१			**बजेट सीमा र अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन गरि समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्नेमा व्यवस्था छ । तर कार्यालयले पालिकाका विषयगत शाखा तथा वडा समितिलाई बजेट सीमा पठाउने नगरेको र राजश्व परामर्श समितिले बजेट वर्ष पछिका २ वर्षको अनुमान गर्ने गरेको देखिएन । यसम सुधार गरिनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५.२			**बजेट खर्च गर्ने अख्तियारीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने र सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको सभाको निर्णय पुस्तिका सरकारी कामको सिलसिलामा सर्वोच्च अदालत पठाएको जनाई ल्खापरीक्षणार्थ पेश भएन । कार्यालयले यो वर्षको बजेट तथा कार्यक्रम २०७७।३।२८ मा पारीत भएको जनाएकोमा गा पा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई २०७७।४।६ मा अख्तियारी दिएको देखियो । अतः ऐन अनुसार तोकिएको अवधिमा अख्तियारी दिईनु पर्दछ ।	
५.३			**प्रोफाइलः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । तर कार्यालयले त्यस अनुसार श्रोत नक्शाङ्कन सहितको प्रोफाइल तयार गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ ।	
५.४			**चौमासिक र बार्षिक प्रगतीः** कार्यालयले चौमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गर्ने गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६</td><td></td><td></td><td>

अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता

अनुदान फिर्ताः संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था बमोजिम खर्च हुन नसकेका शर्त सहितका अनुदान फर्ता गरेको हुनु पर्दछ । पालिकाको सूत्र प्रणालीको प्रतिवेदन बमोजिम संघिय सशर्त अनुदान तर्फ रु ३,५९,७५,७१२।६१ र प्रदेश सशर्त अनुदान तर्फ रु ९८,७७,५३४।७८ समेत रु ४,५८,५३,२४७।३९ फिर्ता पठाउनु पर्नेमा संघिय कोषमा रु ३,५७,६४,९३३।- र प्रदेश कोषमा रु १,००,३७,५३४।- गरि रु ४,५८,०२,४६७।-दाखिला गरेको देखियो । अतः संघीय कोषतर्फ निकासा मध्ये खर्च भई बाँकी रहेको फिर्ता गर्न देहाय अनुसार बाँकी रहेको रु ५०,७८०।- र संघिय कोषमा पठाउनुपर्ने रु १५९९९९.६१ प्रदेश कोषमा पठाएकोले सोसमेतको हिसाव मिलान गरेको प्रमाण पेश गर्नुपर्ने देखिएको रु

<table>
<tr><th>विवरण</th><th>संघीय श्रोतको रु</th><th>प्रदेश श्रोतको रु</th><th>जम्मा</th></tr>
<tr><td>१३३१२ : शसर्त अनुदान चालु</td><td>२८४२८६३२.६१</td><td>५०२२५४५.१४</td><td>३३४५११७७.७५</td></tr>
<tr><td>१३३१४ : विषेश अनुदान चालु</td><td>५२१७५४१</td><td>१६३९९२४</td><td>६८५७४६५</td></tr>
<tr><td>१३३१६ : समपुरक अनुदान चालु</td><td>२११४४२३</td><td>३२१५०६५.६४</td><td>५३२९४८८.६४</td></tr>
<tr><td>१३३१८ : अन्य अनुदान चालु</td><td>२१५११६</td><td>०</td><td>२१५११६</td></tr>
<tr><td>जम्मा</td><td>३५९७५७१२.६१</td><td>९८७७५३४.७८</td><td>४५८५३२४७.३९</td></tr>
<tr><td>फिर्ता गरेको रु</td><td>३५७६४९३३</td><td>१००३७५३४</td><td>४५८०२४६७</td></tr>
<tr><td>बाँकी रु</td><td>२१०७७९.६१</td><td>-१५९९९९.६१</td><td>५०७८०.</td></tr>
</table>

</td><td>२१०,७७९.६१</td></tr>
<tr><td>७</td><td></td><td></td><td>

सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख

गाउंपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पति र जग्गाको अभिलेख राखी अद्यावधिक गर्नुपर्ने, उक्त सम्पत्तिको संरक्षण र उपयोग नीति र मापदण्ड बनाउनु पर्नेमा अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पति र जग्गाको अभिलेख राखी,उक्त सम्पत्तिको संरक्षण र उपयोग नीति र मापदण्ड बनाउनु पर्ने र सोको पालना गर्नुपर्दछ ।

</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>

शिक्षा (स्थानिय तह)

</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८.१			**शिक्षकको तलबी प्रतिवेदन** : स्थानीय र प्रदेश तहमा शसर्त एव शिक्षा विकाश तथा समन्वय इकाइबाट कार्यान्वियन हुने कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।०७८ को खण्ड २ मा स्थानीय तहले कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी एकिन विवरण शिक्षा विकास तथा समन्वय ईकाईबाट प्राप्त गरी वा अध्यावधिक गरी सोही अनुसार दरबन्दीमा, राहत कोटा र प्राविधिक धारतर्फका अनुदानमा कार्यरत शिक्षकका लागि विद्यालयबाट प्राप्त माग फारम रुजू गरी अनुदान उपलब्ध गराउनुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष रु.९ करोड ३२ लाख ४२ हजार शिक्षकको तलब भत्ता वापत निकासा दिएकोमा नियमावलीको प्रावधान अनुसार तलबी प्रतिवेदन पारित गरेको छैन। यसरी तलबी प्रतिबेदन पारित नगरि शिक्षकको तलब निकासा दिँदा शिक्षकहरुको यथार्त तलब र ग्रेड भुक्तानीमा विश्वस्त हुने आधार देखिएन। अत: तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।	
८.२			**सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर** : गाउंपालिकाले शैक्षिक गुणस्तर मापनको मापदण्ड बनाई सो बमोजिम भए नभएको अनुगमन गरि प्रतिवेदन तयार गरी सार्वजनिक गर्नुपर्नेमा शैक्षिक गुणस्तर मापनको मापदण्ड बनाएको छैन । उक्त मापदण्ड बनाई सोको कार्यान्वयन गर्नु पर्दछ ।	
८.३			**निजी विद्यालय व्यवस्थापन :**गाउंपालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने , मापदण्ड बमोजिम अनुगमन गर्नुपर्ने , शुल्क निर्धारण गर्नुपर्ने र शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अनुगमन गर्नुपर्ने एवं अनुगमन प्रतिवेदन सार्वजनिक गर्नुपर्नेमा गाउंपालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको देखिएन । उक्त मापदण्ड निर्धारण गरी कार्यान्वन गर्नुपर्दछ ।	
८.४			**निजी विद्यालयकोअनुगमन तथा नियमन** : गाउंपालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने , मापदण्ड बमोजिम अनुगमन गर्नुपर्ने , शुल्क निर्धारण गर्नुपर्ने र शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अनुगमन गर्नुपर्ने एवं अनुगमन प्रतिवेदन सार्वजनिक गर्नुपर्नेमा गाउंपालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको देखिएन । उक्त मापदण्ड निर्धारण गरी कार्यान्वन गर्नुपर्दछ ।	
८.५			**विद्यालयकोअनुगमन तथा नियमन** : गाउंपालिकाले विद्यालयको अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने , मापदण्ड बमोजिम अनुगमन गर्नुपर्ने एवं अनुगमन प्रतिवेदन सार्वजनिक गर्नुपर्नेमा गाउंपालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको देखिएन । उक्त मापदण्ड निर्धारण गरी कार्यान्वन गर्नुपर्दछ ।	
९			**प्रकोष व्यवस्थापन कोष**	
९.१			गत वर्षको जिम्मेवारी रु. ६३२५६३८। र यो वर्षको आम्दानी रु. १२९७५६२३।८५ समेत रु. १९३०१२६१।८५। भएकोमा खर्च रु. १४२५६१५४।४० भई बांकी रु. ५५४१९७७।३९ मौज्दात रहेको देखिन्छ । पालिकाले कोभिड तर्फ छुट्टै कोष नराखी विपत व्यवस्थापन कोषमा नै आम्दानी खर्च राखेको देखियो । उल्लेखित खर्चको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु निम्न छन्:	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९.२			**औषधिजन्य सामग्री खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क.) अनुसार सार्वजनिक निकायले २० लाखसम्मको औषधीजन्य सामान सोझै खरिद गर्न सक्ने व्यवस्था छ ।तर पालिकाले पटक पटक विभिन्न फर्महरुबाट रु. ४०३४६९५।- को औषधीजन्य मालसामान खरिद गरेको नियम सम्मत देखिएन।अत: पालिकाले सीमा भन्दा बढीको मालसामान खरिद गर्दा बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने देखिन्छ ।	
९.३			**कर बिजक** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले पेनेसिया फार्मेसीको विजक नं. उल्लेख नभएको २०७८।११।१९ को बिलबाट मु.अ.कर रु. ४२४४५। समेत रु. ४९७१२५। सामान खरिद गरेको छ । अत: उक्त फर्मले नियमानुसारको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.	४२,४४५
९.४	१४	२०७८-८-१०	**प्रमाण कागजात** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई वा कागजात संलग्न भए नभएको र भुक्तानी दिन रित पुगे नपुगेको जांच गर्नुपर्ने व्यवस्था छ । पालिकाले वडा नं. ३ क्वारेन्टाइन केन्द्रमा खाना बापत रु. १३५१५४।-. खर्च लेखेकोमा क्वारेन्टाइमा वस्नेहरुको हाजिरी र निजहरुको पिसिआर जांच गरेको विवरण पेश नभएकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.	१३५,१५४
१०			**कानून निर्माण र कार्यान्वयन**	
१०.१			**कानुन र सञ्चालन स्थिति**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १७ वटा ऐन, ५ वटा नियमावली, ३३ कार्यविधि लगायत ५५ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको देखिन्छ ।	
१०.२			**न्यायीक समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ११ र यो बर्ष ३७ उजुरी दर्ता भएकोमा १८ उजुरी फर्स्योट ९ वटा उजुरी फर्स्योट हुन बांकी देखिन्छ । अत: फर्स्योट हुन बांकी उजुरी नियमानुसार टुंगो लगाउनु पर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>११</td><td>२६</td><td>२०७८-३-३०</td><td>पाइप खरिद
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रु. ५ लाख सम्मको मालसान सिधै खरिद गर्न सकिने र नियम १ख मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी उल्लेखित सिमा भन्दा बढी रकमको एउटै फर्मबाट सोझै खरिद गर्न नसकिने तथा नियम १२३ मा खरिद संझौता बमोजिम सार्वजनिक निकायले रनिङ विल भुक्तानी गर्दा नापी कितावमा भएको कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले २०७७ माघ देखि २०७८ असार सम्म जयराम हार्डवेयरको ११ थान बिलबाट रु. ८३८४११।५४ को विभिन्न साइजका १०५३६ मिटर पाइप खरिद गरेकोमा देखिएका व्यहोराहरु निम्न छन् :
(क) उक्त खरिद गर्दा खरिद आदेश, माग फाराम स्विकृत गरेको र दाखिला रिपोर्ट तयार गरी पाइपहरु जिन्सी खातामा आम्दानी बांधेको देखिएन ।
(ख) पालिकाले स्थानियको माग निवेदनको आधारमा पालिका प्रमुखको तोक आदेशमा वितरण गरेको छ । उक्त पाइप तथा जालिहरु के कति जडान भएका छन सोको नियम बमोजिम प्राविधिक मूल्याकन समेत गरेको देखिएन । अत: प्राविधिक मूल्यांकनका अधारमा पाइपहरु वितरण गर्ने र वितरित पाइप जडान भएको देखिने गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्दछ ।
(ग) उक्त पाइपहरु जिन्सीमा आम्दानी नबांधेकोले के कति वितरण भई के कति बांकी छन् सोको विवरण पेश भएन ।
अत: उक्त खरिद कार्यमा सार्वजनिक खरिद नियमावलीले तोकेको प्रकृया पालना नगरी खरिद गरेको देखिएकोले नियम सम्मत नदेखिएको रु.</td><td>८३८,४११.५४</td></tr>
<tr><td>१२</td><td></td><td></td><td>पेश्की
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ७४ मा सार्वजनिक निकायले कुनै प्रयोजनको लागि दिइएको पेश्की सो प्रयोजन सम्पन्न भएको मितिले १५ दिन भित्र र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ अनुसार निर्माण व्यवसायीलाई खरिद सम्झौता बमोजिम दिएको मोविलाइजेसन पेश्की प्रत्येक रनिङ विलबाट कट्टा गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसार कामको लागि पेश्कि दिइएकोमा आर्थिक वर्षको अन्त्य सम्म फछर्यौट हुन नसकी बांकी रहेको पेश्की फछर्यौट हुनुपर्ने रु
<table>
<tr><td>पेश्की लिने व्यक्तिको नाम</td><td>प्रयोजन</td><td>म्याद ननाघेको पेश्की रकम</td><td>म्याद नाघेको पेश्की रकम</td></tr>
<tr><td>रमेश बहादुर काउछा</td><td>मुद्धा</td><td>०</td><td>१२५०००</td></tr>
<tr><td>प्रेरा सुनिल समिर जेभि</td><td>मोविलाईजेसन</td><td>८१०००००</td><td>०</td></tr>
<tr><td>जम्मा</td><td></td><td>८१०००००</td><td>१२५०००</td></tr>
</table>
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>पेस्की रकम</th></tr>
<tr><td>१२.१</td><td>रमेश कुमार काउछा</td><td>१,२५,०००</td></tr>
</table></td><td>१२५,०००</td></tr>
<tr><td>१३</td><td></td><td></td><td>सेवा प्रवाह
कार्यालयले जन्मदर्ता ८६५,मृत्य दर्ता २२३,वसाई सराई दर्ता १०१, विवाह दर्ता २४९, सम्वन्ध विच्छेद दर्ता ८ रहेको विवरण पेश गरेको छ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१४			**वित्तीय विवरण परीक्षण**	
१४.१			**घटी जिम्मेवारीः** कार्यालयको गत वर्षको प्रतिवेदन अनुसार गत वर्षको मौज्दात रु ४ करोड ८८ लाख ५३ हजार रहेकोमा यो वर्ष तयार गरेको एकिकृत आय व्ययमा रु ४ करोड २५ लाख २६ हजार देखाएकोले घटी मौज्दात रु ६३ लाख २७ हजार सारेकोमा कार्यालयले कारण उल्लेख गरेको छैन । अतः कार्यालयले घटी जिम्मेवारी सारेको रकमको जिम्मेवारी कायम गरि हिसाब मिलान गर्नु पर्ने देखिएको रु	६,३२७,०००
१४.२			**चौमासिक कार्यलक्ष्यः** आर्थिक कार्यविधि कानून बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्नेमा सो बमोजिम गर्ने गरेको देखिएन ।	
१४.३			**अवकाश कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था बमोजिम अवकाश कोष स्थापनाको स्थापना गरेको देखिएन ।	
१५			**कर दाखिला प्रमाण** पालिकाले विभिन्न व्यक्ति फर्म कर्मचारीहरुलाई विभिन्न भुक्तानी गर्दा कट्टी गरेको रकमहरु कानूनले तोकेको समयमा दाखिला गर्नु पर्दछ । तर पालिकाले विपद व्यवस्थापन कोष तर्फ कट्टी भएको कर रकम रु ५२५१६९।९४ दाखिला गरेको नदेखिएकोले उक्त रकम दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु	५२५,१६९.९४
१६			**पदाधिकारी सुविधा**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१६.१			**पदाधिकारी सुविधा :** पदाधिकारी सुस्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७६ को दफा ३ मा लुम्विनी प्रदेश सरकारले प्रथम संशोधन गरी २०७७ आषाढ ३ मा राजपत्रमा प्रकाशन गरेको र उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूचि १ मा उल्लेख भएको सूविधामात्र दिन मिल्ने देखिन्छ । पालिकाले पदाधिकारीको यो वर्ष उल्लिखित सेवा सुविधामा निम्नानुसार रु.७५ लाख ४७ हजार खर्च लेखेको देखिन्छ ।	

सि.नं	विवरण	प्रमुख/ अध्यक्ष	उपप्रमुख/ उपाध्यक्ष	वडाअध्यक ६ जना	कार्यपालिका सदस्य ५ जना	सभाका सदस्य १७ जना	जम्मा
१	बैठक भत्ता	27000	27000	378000	315000	697000	1444000
२	यातायात खर्च	0	144000	480000	360000	612000	1596000
३	टेलिफोन,मोबाइल	42000	36000	216000	180000	408000	882000
४	पुस्तक,पत्रीका, ईन्टरनेट	48000	48000	216000	180000	510000	1002000
५	समन्वय तथा सहजीकरण	120000	96000	432000	300000	612000	1560000
६	अतिथि सत्कार	72000	60000	288000	0	0	420000
७	खानेपानी/बिजुली/ सरसफाई	60000	60000	0	0	0	120000
8	मर्मत संभार	60000	60000	0	0	0	120000
9	चाडपर्व खर्च	15000	15000	72000	5000	119000	226000
	जम्मा	444000	546000	2082000	1340000	2958000	7370000

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१६.२			**पदाधिकारी अन्य सुविधाको प्रमाण**: आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १ मा बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था रहेको र उपनियम ५ मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने, विल भरपाई आउन नसक्ने काममा खर्च भएको फुटकर खर्चको हकमा खर्च गर्ने कर्मचारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा समर्थन गराई लेखा राख्नुपर्ने व्यवस्था छ । सोही उपनियम ३ को स्पष्टिकरणमा फुटकर खर्च भन्नाले एक पटकमा २ हजार रुपैंया भन्दा कम रकमको टेक्सी रिक्सा भाडा कुल्ली खर्च र दक्षिणा भन्ने उल्लेख छ । लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७६ को दफा ३,४,५,६,७,८ र ९ संग सम्बन्धित अनुसुची अनुसार स्थानीय तहका पदाधिकारीहरुलाई टेलिफोन तथा मोवाइल, पुस्तक पत्रपत्रिका तथा इन्टरनेट, जन मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था अनुसार कार्यालयले स्थानीय तहका पदाधिकारीहरुलाई यो वर्ष यातायात सुविधा रु.१५९६०००/-, टेलिफोन तथा मोवाइल रु. ८८२०००/-, पुस्तक तथा पत्रपत्रिका इन्टरनेट रु.१००२०००/-, जनसम्पर्क विशेष कार्यसुविधा रु.१५६००००/-, अतिथि सत्कारमा रु. ४२००००/-, खानेपानी विजुली तथा सरसफाईमा रु.१२००००/- समेत जम्मा रु. /- ५५८००००र्च भुक्तानी गरेको देखियो । कार्यालयले उल्लिखित अनुसारको रु. ५५८००००/- भुक्तानी गर्दा विल भरपाई नराखी एकमुष्ठ मासिक रुपमा भुक्तानी दिने गरेकोले उद्वेश्य अनुरुप निर्धारित कार्यमा उपयोग भए नभएको यकिन एवं विश्वस्त हुने अवस्था रहेन । अत उद्वेश्य अनुरुप खर्च भएको विश्वस्त हुन सक्ने खर्चको प्रमाण पेश गरिनु पर्दछ ।	
१७			**संगठन र व्यवस्थापन** **(क) कर्मचारी दरबन्दी र पदपूर्ती :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । कर्मचारी दरवन्दी र पदपूर्ती विवरण माग गरेकोमा दरबन्दी चार्ट अनुसारको विवरण प्राप्त नभएकोले विष्लेषण गर्न सकिएन । **(ख) कर्मचारी करार :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ५४ जना कर्मचारीहरु करारमा राखी रु. १७७५१३७६।- खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । संघिय सरकारबाट तोकेका र स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न ११ पदमा २९ जना करार नियुक्ति गरी खर्च लेखेको नियम सम्मत देखिएन । अत: पालिकाले कानूनले तोकेको पदमा मात्र करारमा कर्मचारी नियुक्ति गर्नुपर्दछ ।	
१८			**सुविधा**	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१८.१</td><td></td><td></td><td>वडा समितिको वैठक भत्ताः कार्यालयले वडा समितिको वैठक भत्ता भुक्तानी गर्दा वडाध्यक्ष १,वडा सदस्य ४,तथा वडा सचिव १ समेत ६ जनाको समितिमा रहेका पदाधिकारीहरुलाई भुक्तानी गर्नु पर्दछ । सो समितिका पदाधिकारी वेगरका देहायका कर्मचारीहरुलाई दिएको वैठक भत्ता असुल गर्नुपर्ने रु.
<table>
<tr><td>कर्मचारीको नाम</td><td>वैठक संख्या</td><td>दर</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>सा.प.श्री लोकनाथ आचार्य</td><td>१९</td><td>१०००</td><td>१९०००।</td></tr>
<tr><td>क.अ.श्री दुर्गादत्त खनाल</td><td>७</td><td>१०००।</td><td>७०००।</td></tr>
<tr><td>प. प्रा.श्री नवराज भण्डारी</td><td>७</td><td>१०००।</td><td>७०००।</td></tr>
<tr><td>कृ.पा.अस्मिता लम्साल</td><td>६</td><td>१०००</td><td>६०००।</td></tr>
<tr><td>का.स. गोपाल कुंवर</td><td>१</td><td>१०००।</td><td>१०००।</td></tr>
<tr><td>जम्मा</td><td>४०</td><td>१०००।</td><td>४००००।</td></tr>
</table>
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको/फर्म/संगठन नाम</th><th>असुली रकम</th></tr>
<tr><td>१८.१.१</td><td>साप लोकनाथ आचार्य समेत ५जना</td><td>४०,०००</td></tr>
</table></td><td>४०,०००</td></tr>
<tr><td>१८.२</td><td></td><td></td><td>दोहोरो सुविधाः स्थानीय तहका पदाधिकारी र सदस्यहरुको सुविधा सम्वन्धी ऐन २०७६ को दफा ४(३)मा पदाधिकारीलाई सवारी साधन उपलव्ध गराएको अवस्थामा यातायात सुविधा नपाउने व्यवस्था छ।उपाध्क्ष विमला के सीलाई लु १ ब २१५८ नं को मोटरसाइकल र यातायात सुविधा दुवै उपलव्ध गराएकोले दोहोरो यातायात सुविधा वापतको रकम रु. १४४०००। असुल गर्नुपर्ने रु
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको/फर्म/संगठन नाम</th><th>असुली रकम</th></tr>
<tr><td>१८.२.१</td><td>उपाध्यक्ष विमला केसी</td><td>१,४४,०००</td></tr>
</table></td><td>१४४,०००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१८.३			**वैठक भत्ताः** नेपाल सरकार अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका २०७५ को दफा ७.१.१ मा वैठक भत्ता प्रदान गर्ने स्पष्ट आधारहरु उल्लेख गरिएको छ। जसमा वैठक कार्यालय समय अघिपछि सम्पन्न भएको हुनुपर्ने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी तथा कर्मचारी सम्मिलित वैठकमा भत्ता प्रदान नगर्ने र वैठकमा आमन्त्रित सदस्यका रुपमा थप व्यक्तिहरु राख्न नपाइने जस्ता प्रावधान राखिएको छ।उपरोक्त व्यवस्था विपरित वोलपत्र मूल्यांकन वैठक भनी एकै कार्यालयका कर्मचारी सम्मिलित वैठकमा देहायका कर्मचारीहरुलाई विहान दिउसो र वेलुका ३ पटक वैठक वसेको जनाइ गो.भौ.नं १९४ मिति २०७८।३।२७ वाट वैठक भत्ता खर्च लेखेको रु २७०००।मा कर कट्टा पछिको रकम रु २२९५०।असुल गर्नुपर्ने रु	२७,०००

कर्मचारीको नाम	वैठक संख्या	दर	रकम	कैफियत
नि.प्र.प्र.अ.श्री नारायण महत	६	१०००	६०००	८।२३ मा ३ पटक १२।४ मा ३ पटक
ई.श्री साकार श्रेष्ठ	६	१०००	६०००	८।२३ मा ३ पटक १२।४ मा ३ पटक
प.प्रा.श्री तुलसी वहादुर थापा	३	१०००	३०००	८।२३ मा ३ पटक १२।४ मा ३ पटक
ले.पा.श्री विष्णु भुसाल	६	१०००	६०००	८।२३ मा ३ पटक १२।४ मा ३ पटक
स.ई.श्री रवि सहनी	३	१०००	३०००	८।२३ मा ३ पटक
खा.पा.स.टे.श्री झलक खत्री	३	१०००	३०००	८।२३ मा ३ पटक
जम्मा	२७	१०००	२७०००	

क्रम	**कर्मचारीको/फर्म/संगठन नाम**	**असुली रकम**
१८.३.१	निमित्त प्र प्र अ नारायण महत समेत	२७,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१९			**बजेट, नीति तथा कार्यक्रम कार्यान्वयन**	
१९.१			**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को कार्यान्वयनः**स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार पालिकाले गर्नुपर्ने उल्लेख भएका कार्यहरु गरिएको हुनुपर्नेमा दफा ११ अनुसारका देहायका कार्यहरु भएको देखिएन । अत उक्त ऐनद्वारा गर्नुपर्ने कार्यहरु प्रभावकारी रुपमा गरिनु पर्ने देखिन्छ । · सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन,भौतिक पुर्वाधारको संरक्षण र सुरक्षा नभएको · अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण नभएको · मातृभाषा शिक्षा दिने विद्यालयको अनुमति अनुगमन, तथा नियमन नभएको, · सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्ति अभिलेख, संरक्षण र व्यवस्थापन नभएको, · स्थानीय पुस्तकालय र वाचनालयको संचालन तथा व्यवस्थापन नभएको, · वायु तथा ध्वनीको प्रदुषण नियन्त्रण र नियमन नभएको, · स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन नभएको, · जेष्ठ नागरिक,क्लब,दिवा सेवा केन्द्र, भेटघाट स्थल, अश्रय केन्द्रको संचालन तथा व्यवस्थापन नभएको, · खानेपानी महशुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन नगरेको, · एक मेगावाटसम्मका जलविद्युत आयोजना सम्बन्धी स्थानीयस्तरको नीति, कानुन, मापदण्ड, योजना तर्जुमा नगरेको, · स्थानीय तहमा वैकल्पिक उर्जा सम्बन्धी नीति, कानून,मापदण्ड,योजना तर्जुमा नगरेको, · स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, संचालन, अनुगमन र नियमन नभएको, · स्थानीय तहमा वैकल्पिक उर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि र प्रवर्द्धन नगरेको, · खानेपानी,साना जलविद्युत आयोजना तथा वैकल्पिक उर्जा सम्बन्धी अन्य कार्य नभएको, · जलाधार,वन्यजन्तु,खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तयार नगरेको, · सामुदायिक भुसंरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रम नभएको, · खानी तथा खनिज पदार्थ सम्बन्धी सूचता तथा तथ्याङ्क संकलन नभएको, · बहुमुल्य धातु,पत्थर तथा खनिज पदार्थको संरक्षणा र सम्वर्द्धनमा सहयोग नगरेको · आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन नभएको, · खानेपानी महशुल निर्धारण र खानेपानी सेवाको व्यवस्थापन नभएको, · स्थानीय साना सतह तथा भूमिगत सिंचाई प्रणालीको संचालन तथा मर्मत सम्भार सेवा शुल्क निर्धारण र संकलन सम्बन्धी व्यवस्थापन नभएको, · वातावरण,पर्यावरण तथा जैविक विविधता सम्बन्धी २६ वटा काम कर्तव्य रहेकोमा कुनै पनि कार्यान्वयन नभएको, · व्यक्तिगत घट्नाको स्थानीय तथ्याङ्क सम्बन्धी नीति कानून ,मापदण्ड, योजना तर्जुमा नभएको, · प्राकृतिक स्रोतबाट हुने रोयल्टी सम्बन्धी नीति, कानून,मापदण्ड तर्जुमा नभएको, · यातायात व्यवस्थापन सम्बन्धी स्थानीय नीति,कानून,मापदण्ड, योजना तर्जुमा नभएको, · संघीय तथा प्रदेश कानूनको अधिनमा रही स्थानीयस्तरको भु उपयोग नीति,योजना कार्यक्रम तर्जुमा र कार्यान्वयन नभएको,	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			· संघीय तथा प्रदेशको मापदण्डको अधिनमा रही व्यवस्थित वस्ती विकासमा कार्यक्रमको तर्जुमा र कार्यान्वयन, एकीकृत वस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन नगरेको, · स्थानीयस्तरमा अव्यवस्थित बसोवास व्यवस्थापन नभएको, · संघीय तथा प्रदेश कानूनको अधिनमा रही स्थानीय क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केवुल तथा तारविहिन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन नभएको, · स्थानीय बस,ट्रली बस, ट्राम जस्ता मध्यम क्षमताका मास ट्रान्जिट प्रणालीको नीति मापदण्ड ,योजना कार्यान्वयन नभएको, राष्ट्रिय रेल पूर्वाधारको उपयोग तथा महानगरीय क्षेत्रभित्र शहरी रेल सेवाको संचालन, व्यवस्थापन, मर्मत संभार, समन्वय, साझेदारी र सहकार्य नभएको	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१९.२			**निति तथा कार्यक्रम कार्यान्वनः** पालिकाको सभाबाट पारित भएको नीति तथा कार्यक्रम कार्यान्वयन भएको हुनु पर्दछ । पालिकाको सभाको अधिवेशनमा प्रस्तुत गरेका नीति तथा कार्यक्रमहरु मध्ये देहायमा उल्लिखित १८ वटा कार्यक्रमहरु कार्यान्वयन भएका छैनन । बार्षिक निति तथा कार्यक्रममा समावेश गर्ने तर कार्यान्वयन नगर्ने कार्यमा सुधार गरिनु पर्दछ । १.वडा नं. २ को उपयुक्त स्थानमा गाउँपालिका स्तरको कृषि तथा पशु उपज संकलन केन्द्र र शीतभण्डार निर्माण गर्न विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने कार्य नभएको २.कृषि तथा पशु उपजमा लाग्ने रोगको पहिचान र निदानकालागि जनशक्ति र परीक्षण ल्यावको व्यवस्था नभएको ३. प्रत्येक वडामा स्थानीय जातको खसी बोका र कुखुराको मासु उपलब्ध हुने गरी मासु पसल स्थापना गर्न प्रोत्साहन गर्ने, प्रांगारिक खेती प्रणालीको विकास एवं जैविक विषादी उत्पादन र प्रयोग ४. कोरोना महामारीका कारण हुन सक्ने खाद्यान्न संकट तथा भारत प्रवास, तेस्रोमुलुक र देशका शहरी क्षेत्रबाट यस गाउँपालिकामा फर्केको जनशक्तिलाइ रोजगारी दिन “हाम्रो श्रम हाम्रै विकास“भन्ने भावना जगाउँदै गाउँपालिकाका चालु तथा नयाँ विकास आयोजनाहरुलाई श्रममूलक बनाई स्थानीय श्रम शक्तिको उपयोग गर्ने कार्य ५. युवाहरुलाई रोजगार एवं स्वरोजगार बनाउन पम्प अपरेटर तथा मर्मत सम्भार कार्यकर्ता, प्लम्बिङ्ग, डोजर चालक, सवारी साधन मर्मतकर्ता, हेयर कटिङ्ग, व्युटीसियन, ग्रामिण पशु तथा कृषि कार्यकर्ता लगायतका तालिमहरुमा सहभागी गराउन आवश्यक व्यवस्था मिलाउने कार्य ६. जमिन बाँझो रहन नदिन र काम गर्ने युवाहरुहरुलाई आवश्यक जमिन उपलब्ध गराई करार खेतीको व्यवस्था गर्न भूमि बैंक स्थापना नभएको ७. कृषकले उत्पादन गरेका पशु तथा कृषि उपजको संकलन र बिक्रिवितरणका लागि कृषि तथा पशु उपज संकलन केन्द्र स्थापना र साप्ताहिक हाटबजार सञ्चालन गर्नेकार्य ८.बुल्म सेरामिक्स उद्योगलाई नियमित र व्यवसायिक रुपमा सञ्चालन गरी आम्दानी वृद्धि गर्न उद्योगको क्षमता विस्तार गर्ने, सेरामिक्स उद्योगको क्षमता र जनशक्ति विस्तार गर्ने कार्य ९.विद्यालयमा क्षमतावान घुम्ती शिक्षकको व्यवस्था गर्न नसकिएको १०. स्कुल बसको व्यवस्था गरी विद्यालयको सेवाक्षेत्र विस्तार गर्न स्कूल बसको व्यवस्था हुन नसकेको ११.गाउँपालिकाको भुगोलभित्र पर्ने छल्दी फाँटको सार्वजनिक जग्गा पहिचान तथा संरक्षण गर्ने र क्रमशः सार्वजनिक जग्गाको पहिचान र संरक्षण गर्ने कार्य १२.विद्युतीकरणमा प्रयोग भएका महत्वपूर्ण स्थानमा सडक बत्तीको व्यवस्था नभएको १३.भ्यू–टावर निर्माण गर्न डिपीआर तयार गर्ने कार्य नभएको १४. गाउँपालिकाको नर्सरीबाट बहुवर्षीय, बहुउपयोगी विरुवा, घाँसको उत्पादन नभएको १५. नागरिक सहायता कक्षका लागि जनशक्ति व्यवस्था नभएको १६. सर्वेक्षण फारममार्फत् नागरिक सन्तुष्टि मापनको व्यवस्था नभएको १७.अन्तरपालिका समन्वय कायम गरी अनुभव आदानप्रदान, भगिनी सम्बन्ध स्थापना एवं साझा लगानीमा विकासका योजना सञ्चालन नभएको १८. गाउँपालिका र वडा स्तरमा जनता र विद्यार्थीसँग जनप्रतिनिधि कार्यक्रम संचालन नभएको	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१९.३</td><td></td><td></td><td>बजेट कार्यान्वयनः- स्थानीय सभामाप्रस्तुत आर्थिक वर्ष २०७७।०७८ को बजेट तथा कार्यक्रम कार्यान्वयन गरिएको हुनु पर्दछ । तर कार्यालयले यो वर्षको स्वीकृत बार्षिक बजेट कार्यक्रम मध्ये २ करोड ५५ लाख ८१ हजारका ६२ वटा कार्यक्रमहरु कार्यान्वयन गरेको देखिएन। अतः सभाबाट पारित वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने गरिनु पर्दछ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>क्षेत्रगत खर्च, लक्ष्य प्रगति
(क) क्षेत्रगत बजेट र खर्च - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७/७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th rowspan="2">क्र.स</th><th rowspan="2">क्षेत्र</th><th rowspan="2">बजेट</th><th rowspan="2">खर्च</th><th>खर्च प्रतिशत</th></tr>
<tr><th>जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>65322745</td><td>50413823.26</td><td>14.17</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>76821997</td><td>34994428.87</td><td>9.84</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>254235838</td><td>204271601.52</td><td>57.82</td></tr>
<tr><td>४</td><td>बातावरण तथा विकास</td><td>-</td><td>-</td><td>-</td></tr>
<tr><td>५</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>9650000</td><td>8083221</td><td>2.27</td></tr>
<tr><td>६</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>68700702</td><td>57997159.05</td><td>16.30</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>474731282</td><td>355760233.70</td><td>100</td></tr>
</table>
(ख) लक्ष्य प्रगति : लक्ष्य प्रगति - कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।
<table>
<tr><th rowspan="2">कार्यक्रम/योजना</th><th rowspan="2">कुल कार्यक्रम</th><th colspan="4">वार्षिक प्रगति स्थिती</th></tr>
<tr><th>शून्य प्रगती</th><th>२५%सम्म प्रगति</th><th>५०% सम्म प्रगति</th><th>७५% सम्म प्रगति</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table><tr><td>मुल कार्यक्रम संख्या</td><td>४७१</td><td>६२</td><td>६</td><td>२३</td><td>३६</td></tr></table>
(ग) योजना छनौट र कार्यान्वयन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७७ योजना छनौट र कार्यान्वयन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७७।७८ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् :
<table>
<tr><th>रु १ लाख सम्म</th><th>रु १ लाख देखि २ लाखसम्म</th><th>रु २ लाखदेखि ५ लाखसम्मका</th><th>रु ५लाख देखि १० लाखसम्मका</th><th>रु १० लाखभन्दा बढीको</th><th>जम्मा</th></tr>
<tr><td>65</td><td>74</td><td>84</td><td>55</td><td>39</td><td>317</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु. १ लाख देखि माथिका जम्मा २५२ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ६५ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ .
</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>चौमासिक खर्च
चौमासिक खर्च : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०६४ को नियम बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चालु तथा पुँजीगत तर्फ रु. ३५ करोड ५७ लाख ६० हजार निकासा तथा खर्च भएकोमा प्रथम चौमासिकमा रु.६ करोड ८लाख ४० हजार अर्थात् १७.१० प्रतिशत, दोश्रो चौमासिकमा रु. ६ करोड ६४ लाख १४ हजार अर्थात् १८.६९ प्रतिशत र तेश्रो चौमासिकमा रु. २२ करोड ८५ लाख ४ हजार अर्थात् ६४.२३ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. १६ करोड १४ लाख ९७ हजार अर्थात् ४५.३९ प्रतिशत खर्च गरेको देखिएकोले आषाढमा खर्चको चाप बढेको र सन्तुलित खर्च ब्यवस्थापन नभएको कारण वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने हुनाले स्वीकृत कार्यक्रम अनुसार चौमासिक खर्चमा सन्तुलन कायम हुने गरी खर्च गरी आषाढमा अधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>सफ्टवेयर खरिद
नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं. ४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले राजश्व सफ्टवेयर रु. ४९८३३०।- र दर्ता सफ्टवेयर रु. २९९४५०। मा खरिद गरेकोम सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । अतः सफ्टवेयर खरिद गर्दा सूचना प्रविधि विभागको स्वीकृति लिनु पर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२३			**विविध खर्च** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु. २६१२२०७।- खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।	
२४			**नाफामूलक संस्थालाई अनुदान** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका ४ वटा नाफामूलक संस्थाको कार्यालय व्यवस्थापन खर्चमा लागि रु११४२७४६७।४६अनुदान उपलब्ध गराएका छन् ।तर त्यसबाट उपरोक्त बमोजिम सेबा प्रबाह हुने सुनिश्चित छैन ।	

गो. भौ. न.	मिति	सहकारी संस्थाको नाम	अनुदानग्राहीको नाम	अनुदान रकम
१०६	२०७८/०२/२७	अमरपुर कृषि तथा पशु विकास महिला सहकारी संस्था लि	अमरपुर् स्वास्थ्य सरसफाई कार्यक्रम संचालन गरि रकम भुक्तानी गरेको लेखा	२,८२,३८६
११	२०७८/०३/२२		उत्पादनमा आधारित कार्यक्रमको पेश भए बमोजिमको रकममा बजेट सिमा भित्र रहेर रकम भुक्तानी गरेको लेखा	६,२२,२००
४१	२०७८/०३/२९	इस्मा कृषि तथा पशु विकास महिला सहकारी संस्था लि.	अमरपुर महिला सहकारी लाई बाख्रापालन पकेट योजनाको रकम भुक्तानी गरेको लेखा	१३,९४,९८८
९	२०७८/०३/१०		उत्पादनको आधारमा कृषक लाइ दिइने अनुदान रकम सहकारीको खातामा निकासा गरी परिचालन गरिएको	९,८८,१०२.७५
१२८	२०७८/०३/१३		इस्मा कृषि सहकारी संस्था लाइ भवन पूर्वाधार निर्माण सम्पन्न गरि रकम भुक्तानी गरेको लेखा	१,८८,५६५.८४
११	२०७८/०३/२२		उत्पादनमा आधारित कार्यक्रमको पेश भए बमोजिमको	६,४८,७५०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
						रकममा बजेट सिमा भित्र रहेर रकम भुक्तानी गरेको लेखा			
			४०	२०७८/०३/२९		लागत साझेदारीमा बाख्रा प्रवर्दन कार्यक्रम रकम भुक्तानी	८,८०,६१२		
			४	२०७८/०३/२६	उज्यालो बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	युवा उधमी लाई रकम परीचालन गर्नको लागी उज्यालो सहकारी लाई भुक्तानी गरेको लेखा	३०,००,०००		
				०३/२४/२०७८		कृषि उपज संकलन तथा प्रशोधन केन्द्र	१४१८१३२		
			१३	२०७८/०३/३०		कोसेली घर निर्माण सम्पन्न भै रकम भुक्तानी गरेको लेखा	९,११,०३७.९८		
			११	२०७८/०३/२२	भविष्य निर्माण साना किसान कृषि सहकरी संस्था लिमिटेड		उत्पादनमा आधारित कार्यक्रमको पेश भए बमोजिमको रकममा बजेट सिमा भित्र रहेर रकम भुक्तानी गरेको लेखा	२,२९,०५०	
			१७८	२०७८/०३/२२	भविष्य निर्माण सहकारी लाई प्रोत्साहन अनुदान		१,९६,६१५		
			९	२०७८/०३/२६	भविष्य निर्माण सहकारी लाई रकम भुक्तानी गरेको लेखा		६,६७,०२८.१९		
			जम्मा				११४२७४६७।४६		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२५			**कर्मचारी प्रोत्साहन भत्ता** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६.१ वमोजिम स्थानीय सेवाको गठन संचालन व्यवस्थान सेवाका सर्त तथा सुविधा सम्वन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून वमोजिम व्यवस्था छ।त्यस्तै अर्थमन्त्रालयको कार्यसंचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ वमोजिम अतिरिक्त समय र विदाको दिन काम गर्दा अर्थ मन्त्रालयवाट नर्मस स्वीकृत गराइ खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को ५ मा प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयवाट स्वीकृति लिनु पर्ने व्यवस्था छ। स्थानीय तहले कानून नवनाइ यो वर्ष रु ८०००० प्रोत्साहन भत्ता खर्च लेखेको नियम सम्मत देखिएन । अत: अर्थ मन्त्रालयवाट स्वीकृति बेगर प्रोत्साहन भत्ता खर्च लेखेकोले थप व्ययाभार पर्न गएको रु .	८००,०००
२६			**आन्तरिक लेखापरीक्षण** स्थानिय तह सन्चालन ऐन २०७४ को दफा ७७(२) मा स्थानिय तहले आर्थिक कारोवारको नियमितता, मितव्ययिता कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको १ महिनाभित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । तर पालिकाले यस आर्थिक वर्षको लेखापरीक्षण गराएको छैन । अत: कानूमा तोकिए बमोजिम आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।	
२७			**उपभोक्ता समिति मार्फत निर्माण कार्य**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२७.१			हेभी इक्विपमेण्टको प्रयोग : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छनिर्माण कार्य उपभोक्ता समितिबाट गराउँदै गर्दा एक्कासी जटील खालका हेभी इक्विपमेन्ट को प्रयोग गर्नुपर्ने अवस्था आएमा सम्बन्धित निकायको स्वीकृत लिई स्थानीय तहमा सुचिकृत भएका निर्माण व्यवसायीबाट उक्त जटिल कार्य गराउन सकिने व्यवस्था छ ।पालिकाले अधिकांश सडक खन्ने, सम्याउने योजनाहरुमा हेभी इक्विपमेन्टको प्रयोग गर्ने गरी दर स्वीकृत गरेको छ ।अत : हेभी मेशिन प्रयोग गर्दा श्रममुलक रोजगारी श्रृजना गराउने खालका कार्यहरु गराउन सकिने भनी कानूनमा भएको व्यवस्थाको बिपरीत हुन जान्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :	

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	भुक्तानी रकम	हेभी उपकरण	हेभी उपकरणमा भएको खर्च
२४।०७७।१०।१५	दोहलि अंधेरी मोटरबाटो निर्माण उ.स.	२०००००।-	एक्साभेटर	२१८६५५।४३
२२।०७७।९।२९	रुकनाउ टारी खोलाखेत मोटरबाटो निर्माण उ.स.	१९७५५९/-	एक्साभेटर	२१०६२१/-
१८।०७७।९।३	राधाकृष्ण पौवा साउने पानी निर्माण उ.स.	२०००००/-	एक्साभेटर	१९६०७०/-
२३/०७७/१०/८	वडा नं १ वडा स्तरिय मोटरबाटो निर्माण उ.स.	४८००००/-	एक्साभेटर	४२९४०५/-
९०/०७८/१/२७	वडा ४ दोहली फिल्ड निर्माण उ.स.	५३७२५९/-	एक्साभेटर	५३७२५९/-
८६/०७८/१/१४	किरा खोला भैलोनाथ मोटरबाटो उ स	४३२०००।-	एक्साभेटर	२६८१९१।९४
१४७।०७८।३।१७	मोदी चुनढुंगा देविस्थान मोटरबाटो उ.स.	३८०५५६।-	एक्साभेटर	४२३००३।-
१४।०७८।३।१५	बेलारुख कडेनी मोटरबाटो उ.स.	३६३३५९।-	एक्साभेटर	४०३८४३।-

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२७.२			नन फाइलर: मूल्य अभिबृद्धी कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिबृद्धी करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गते भित्र सम्वन्धित आन्तरिक राजश्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नु पर्ने व्यवस्था छ ।निम्न फर्महरुलाई भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि नन फाइलर रहेको पाइयो ।कानुनी व्यवस्था बमोजिम कर विवरण नबुझाएकोले कर बुझाएको प्रमाण पेश गर्नुपर्ने रु.	१०९,१२६.९४

गोभौनं./मिति	भुक्तानी पाउनेको नाम	प्यान नं.	भुक्तानी रकम	मुअकर कर रकम	नन्फाइलर रहेको मिति
९०।०७८।१।२७	फिस्टेल सप्लायर्स	६०१२९२२१९	४९७०६४।	५७१८४।३५	२०७७।९।२९
२२।०७७।९।२९	गुल्मी कंन्ट्रक्सन कम्पनी	६०६८८६११८	२१०६२१।४९	२४२३०।७९	२०७८।३
१८।०७७।९।३	गुल्मी कंन्ट्रक्सन कम्पनी	६०६८८६११८	१९६०७०।२२	२२५५६।७५	२०७८।३
२४।०७७।१०।१५	गुल्मी कंन्ट्रक्सन कम्पनी	६०६८८६११८	२१८६५५।४३	२५१५५।०५	२०७८।३
जम्मा				१०९१२६।९४	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२८	१३	२०७८-३-३०	**पालिका कोसेली घर निर्माण कार्य** **आनुपातिक कट्टीः** कार्यालयले पालिका कोशेली घर (प्रदर्शनी तथा विक्रि कक्ष) निर्माण कार्य उज्यालो बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड मार्फत गराउन लागत अनुमान रु १०,६७,९०३।६३ मध्ये कार्यालयले रु ९,६०,०००।- भुक्तानी दिने गरी सम्झौता भएकोले सोही अनुसार कार्यक्रम कार्यान्वयन भएको हुनु पर्दछ । तर सहकारी संस्थाले खुद कार्य रु १०,२९,२५२।१७ मात्रको गरेकोले सोहि अनुपातमा रु ९,२५,२५४।३७ मात्र भुक्तानी दिनु पर्नेमा रु ९,६०,०००।- दिएको देखियो । अतः उक्त सहकारीलाई आनुपातिक रुपमा बदी भुक्तानी दिएको रकम असुल गर्नु पर्ने देखिएको रु	३४,७४६
२९			**ठेक्का नं. ९।०७६।७७ गाउंपालिका स्तरीय चक्रपथ सडक निर्माण कार्य**	
२९.१			**निर्माण कार्य** : ठेक्का नं. ९।०७६।७७ गाउंपालिका स्तरीय चक्रपथ सडक निर्माण कार्यको मूल्य अभिवृद्धि कर समेत लागत अनुमान रु. ५७५९९५७।५० को कवोल अंक रु. ३१८२०१५।१० मा आर आर कन्ट्रक्सन सेवासंग २०७७।२।२६ मा काम सम्पन्न गर्ने गरी २०७७।१।२६ मा सम्झौता भएकोमा उक्त ठेक्काको म्याद २०७७।९।१० थप भई काम सम्पन्न भई रु. ३१०९७०९। भुक्तानी भएकोमा देखिएका व्यहोराहरु निम्न छन् :	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२९.२			**खरिदमा सम्झौता कार्यान्वयनको अवस्था:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १११ मा बोलपत्रबाट हुने खरिदमा सम्झौता कार्यान्वयनको अवस्था अनुसार देहायका प्रकृया पालना गर्नुपर्ने व्यवस्था भएकोमा पालना भएको देखिएन । यसमा सुधार गर्नुपर्दछ । (क) पोष्ट बिड कन्फ्रेन्स गरेको छैन । (ख) सम्झौता कार्यान्वियनको कार्ययोजना र कार्यतालिका पेश नगरेको । (ग) प्रगति अनुगमन नगरेको । (घ) निर्माण कार्यस्थल सुम्पने गरेको छैन । (ङ) कार्यान्वयन सम्बन्धित कागजात सिलसिलाबद्ध र व्यवस्थित राखेको छैन । (च) बजेट र कस्ट एकाउन्टीङ्ग, वित्तीय व्यवस्थापन (छ) संझौता कार्यान्वयनको आवधिक प्रतिवेदन	
२९.३			**म्याद थपको निवेदन** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा सम्झौताको अवधिभित्र काम सम्पन्न गर्न नसकिने भएमा निर्माण व्यवसायीले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु कम्तिमा २१ दिन अगावै अवधि थपको लागि निवेदन दिनुपर्नेमा निर्माण व्यवसायीले ठेक्काको म्याद समाप्त भएको २ महिना पछि अर्थात् २०७७।४।२ मा मात्र निवेदन दर्ता गरेको देखियो । यसमा पालिका तथा निर्माण व्यवसायी दुवै पक्ष जिम्मेवार बनेको देखिएन । कानूनमा भएको व्यवस्था विपरीत म्याद थपको लागि ढिला निवेदन माथि निर्णय गरी पालिकाले निर्माण व्यवसायीलाई सुविधा दिएको देखिएकोले यस्तो कार्य नियम सम्मत देखिएन । अत: सम्वन्धित पक्षहरुले नियमको पालना गर्नु पर्दछ ।	
२९.४			**बिमा**: सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ अनुसार रु. १० लाख भन्दा बढी मूल्यको निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधिमा भएको हानी नोक्सानी समेत बेहोर्ने गरी बिमा गर्नुपर्ने व्यवस्था छ । लागत अनुमान बनाउंदा बिमाको व्यवस्था गरेता पनि निर्माण व्यवसायीले उक्त ठेक्काको बिमा गराएको छैन । अत: नियमले तोके अनुसार बिमा गरी जोखिम न्यूनिकरण गरिनु पर्दछ ।	
२९.५			**गुणस्तर परीक्षण** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामानहरु सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । ठेक्कामा गुणस्तर परीक्षणको प्रोभिजन भए पनि परिक्षण नगरेकोले निर्माण कार्यको गुणस्तर सम्वन्धमा एकिन गर्न सकिएन । अत: पालिकाले निर्माण कार्यमा प्रयोग भएका निर्माण सामग्रीहरुको गुणस्तर परीक्षण गर्नु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३०			**प्रधानमन्त्री रोजगार कार्यक्रम** **कार्यक्रम कार्यान्वयनः** प्रधानमन्त्रि रोजगार कार्यक्रम निर्देशिका २०७७ अनुसार कार्यक्रम कार्यान्वयन गर्दा सूचीकृत कामदारलाई कम्तीमा १०० दिनको रोजगारी दिनु पर्ने व्यवस्था रहेको छ। तर कार्यालयले एक जनालाई ६ दिन, एक जनालाई १९ दिन, एक जनालाई २० दिन, एक जनालाई २२ दिन, तीन जनालाई २६ दिन, एक जनालाई ३१ दिन, दुई जनालाई ४२ दिन, एक जनालाई ४३ दिन, तीन जनालाई ४५ दिन, दुई जनालाई ४६ दिन, दुई जनालाई४७ दिन दुई जनालाइ ४८ दिन, दुईजनालाई ४९ दिन र ३९८ जनालाई ५० दिन काममा लगाएको देखियो । यसरी ४२३ जनालाई २०८६५ म्यानदिनको प्रति दिनको प्रति दिन रु ५१७।- ले कार्यक्रम अन्तरगत बजेट रु १,१०,६४,०००।- भएकोमा देहाय अनुसार खर्च रु १,०७,८७,२०५।- गरेको देखियो । कार्यविधिमा न्यूनतम १०० दिन रहेकोमा ५० दिन भन्दा घटी कार्य गराएकोले कार्यविधि अनुसार भए गरेको देखिएन ।	
३१			**राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम**	
३१.१	२५ र ५२	२०७८-३-३०	**खर्चको प्रमाणः** कार्यालयले विद्यालयहरुलाई कार्यक्रम अन्तरगत प्रयोगशाता उपकरण तथा ल्यापटप आदी खरिदकालागी दिएको सशर्त निकासाको खर्च प्रमाणित हुने खर्चका विलभरपाई पेश गरेको हुनुपर्दछ । कार्यालयले कालिका नि मा वि, ठाड ढुङ्गो मा वि र सुन्तला देवी नि मा विलाई प्रति विद्यालय रु ६ लाख ५० हजार निकासा दिएकोमा खर्चको वीलभरपाई नदेखिएकोले कार्यसम्पन्न भएको र विद्यालयको लेखापरीक्षण प्रतिवेदनमा समावेश भएको प्रमाण पेश गर्नुपर्ने देखिएको रु	१,९५०,०००
३१.२			**पा लु वा मा वि भवन निर्माण अनुपातिक कट्टीः** विद्यालय भवन निर्माण कार्यको सम्झौता अनुसारको कार्य सम्पन्न गरेमा सम्झौता अनुसारको रकम भुक्तानी गरिनु पर्दछ । कार्यालयले पालुवा मा वि भवन निर्माणकालागी विद्यालय भवन निर्माण उपभोक्ता समितिसंग रु १९,२५,८३८।४४ को कार्य गरेमा कन्टिन्जेन्सिबाहेक रु १७,२८,०००।- भुक्तानी गर्ने सम्झौता भएकोमा कार्य सम्पन्न प्रतिवेदन अनुसार रु १८,६९,१३३।३८ को मात्र कार्य भएकोले अनुपातिक रुपमा रु १६,७७,१२०।- मात्र भुक्तानी गर्नुपर्नेमा रु १७,२८,०००।- भुक्तानी दिएकोले बढी भुक्तानी दिएको रु ५०,८८०।- भवन निर्माण उपभोक्ता समितिसंग असुल गर्नु पर्ने देखिएको रु	५०,८८०
३१.३			**पालुवा मा वि कन्टिन्जेन्सि खर्चः** राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगत विद्यालय भवन निर्माणकालागी दिइने निकासामा कन्टिन्जेन्सि कट्टि गर्न मिल्ने नदेखिंएकोले खर्च गरी बाँकी रहेको रकम संघिय कोष तथा लेखा नियन्त्रण कार्यालयमा फिर्ता गरेको हुनु पर्दछ । कार्यालयले पालुवा मा वि लाई कार्यक्रम अन्तरगत २ कोठे भवन निर्माणकालागी रु १८ लाख निकासा गर्दा ४ प्रतिशत कन्टिन्जेन्सि रु ७२ हजार कटाई पालिकामा राखेको देखिएकोले उक्त रकम बेरुजू खाता दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने देखिएको रु	७२,०००
३२			**कोभिड विशेष कृषि कार्यक्रम**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३२.१			**कार्यक्रम खर्चः** कोभिडको महामारीका कारण कृषि क्षेत्रमा परेको प्रभाव न्यूनीकरणकालागी ग्रामिण रोजगारी सिर्जना र आय आर्जनमा सघाउने उद्देश्यले प्रदेश सरकारले कोभिड विशेष कृषि कार्यक्रम सन्चालन गर्न स्थानीय तहलाइ सशर्त अनुदानमा बजेट व्यवस्था गरि साना कृषि औजार तथा यन्त्र उपकरणमा अनुदान, कोभिड प्रभावित भई गाउँ फर्केका कृषकहरुलाई उत्पादन सामाग्रिमा अनुदान, एक स्थानीय तह एक उत्पादन कार्यक्रम र कृषि पशुपन्छी अधिकृत जनशक्ति सेवा करार कार्यक्रम स्थानीय तहबाट गराउने उद्देश्यले स्थानीय तह मार्फत सन्चालन हुने कोभिड विशेष कृषि कार्यक्रम कार्यान्वियन कार्यविधि, २०७७ कार्यान्वियनमा रहेको देखियो । यस कार्यक्रम अन्तरगत एक स्थानीय तह एक उत्पाद न कार्यक्रममा रु १७ लाख, विदेशबाट फर्किएका युवाहरुलाई उत्पादन सामाग्रीमा अनुदान रु २० लाख र साना कृषि औजार तथा यन्त्र उपकरणमा अनुदानतर्फ विनियोजन रु १७ लाख ५० हजारसमेत विनियोजन रु ५४ लाख ५० हजार भएकोमा क्रमशः रु १६,३१,५३३।१५ , रु २०,००,०००।- र रु १७,४०,०००।- समेत रु ५३,७१,५३३।१५ (९८.५६ प्रतिशत) खर्च गरेकोमा देहायका व्यहोराहरु देखिएका छन् ।	
३२.२	१२	२०७८-३-२९	**कोभिड प्रभावित लक्षित वर्गलाई अनुदानः** स्थानियतह मार्फत सन्चालन हुने कोभिड विशेष कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ को नियम १९ को उपनियम ६ अनुसार परिवारको कुनै पनि सदस्य बैदेशिक रोजगारमा नभएको नेपाल भित्र सरकारी अर्ध सरकारी वा निजी क्षेत्रमा रोजगारमा नभएको र स्वरोजगारबाट मासिक आय रु १० हजार भन्दा बढी नभएको र हालैको कोभिडको कारण विदेशबाट फर्कैको परिवारको प्रति परिवार १ जना भन्दा बढी नहुने गरी स्थानीय तहले प्राथमिकता दिनु पर्ने व्यवस्था छ । त्यस अनुसार कार्यालयले कार्यक्रम अन्तरगत कोभिड प्रभावित भई विदेशबाट फर्किएका कृषकहरुलाई उत्पादन सामाग्रीमा दिईने अनुदान सम्बन्धीत लक्षित वर्गले पाएको हुनु पर्दछ । कार्यक्रम अन्तरगत १०० युवाहरुलाई रु २० लाखअनुदान दिएकोमा कसैले पनि विदेश गएको प्रमाण पेश गरेको देखिएन र सोही आधारमा अनुदान दिएकोमा अनुदान पाउने कृषकहरु विदेश गएर फर्किएको प्रमाणहरु देखिएन । यसबाट विदेशबाट फर्किएका वास्तविक लक्षित वर्गले अनुदान पाउन सकेको अवस्था देखिएन । अतः यसमा सुधार गरिनु पर्दछ ।	
३२.३			**अनुगमन मूल्याङ्कन र सम्झौता कार्यान्वनयः** यसमा निम्न अवस्था देखियो । **क) अनुगमन र मूल्यांकनः** उक्त कार्यविधिको दफा ६(३) अनुसार स्थानीय तहले कार्यक्रम सन्चालनकोलागी आवश्यक प्राविधिक सहयोग र अनुगमन तथा मूल्याङ्कन कार्य गर्ने गराउने व्यवस्था छ । त्यस्तै सोही कार्यविधिको दफा ११ मा मा सम्बन्धित स्थानीय तहले कार्यक्रम सन्चालन र सम्पन्न भए पश्चात अनुगमन तथा मूल्याङ्कन र उपलब्धी मापन गरि प्रतिवेदन गर्नुपर्ने, चौमासिक र वार्षिक रुपमा कार्यक्रमको प्रगति विवरण तयार गरि मन्त्रालयमा पेश गर्नु पर्ने, कार्यक्रमको निरिक्षण, अनुगमन तथा मूल्याङ्कन कार्य प्रदेश सभाको विषयगत विषयगत समिति तथा सम्बन्धित क्षेत्रका माननीय सदस्यहरु, मन्त्रालय, निर्देशनालय र मातहत कार्यालयबाट समेत गरिने र यस बमोजिम निरिक्षण, अनुगमन तथा मूल्याङ्कन गरि दिएको निर्देशनको अनुदानग्राही र स्थानीय तहले पालना गर्नु पर्ने व्यवस्था रहेको छ । तर त्यस अनुसार कार्यक्रमको निरिक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने गरेको देखिएन । अतः निर्देशिका अनुसार कार्यक्रमको अनुगमन मूल्याङ्कन गरि कार्यक्रमलाई प्रभावकारी बनाईनु पर्दछ । **ख) सम्झौता कार्यान्वयन र अनुगमनः** कार्यालयले अनुदानग्राहीसंग गरेको सम्झौताका शर्तहरुको कार्यान्वयन पूर्णतः कार्यान्वयन भएको हुनु पर्दछ । अनुदानग्राहीसंगको सम्झौतामा अनुदानग्राहीले नियमित रुपमा प्रगति विवरण लागयत तथ्यांङ्कहरु अनिवार्य रुपमा उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ । तर अनुदानग्राहीहरुले त्यस अनुसार तथ्याङ्क तथा प्रगति विवरणहरु पेश गर्ने गरेको देखिएन र कार्यालयलेसमेत त्यस अनुसार माग तथा अनुगमन गर्ने र अनुगमन प्रतिवेदन तयार गर्ने गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३२.४			**कार्यक्रमको दिगोपना र निरन्तरता :** कार्यालयद्वारा सन्चालित कार्यक्रमहरु निरन्तर र प्रभावकारी रुपमा कार्यान्वियन भएको हुनु पर्दछ । एक स्थानीय तह एक उत्पादन कार्यक्रममा रु १७ लाख, विदेशबाट फर्किएका युवाहरुलाई उत्पादन सामाग्रीमा अनुदान रु २० लाख र साना कृषि औजार तथा यन्त्र उपकरणमा अनुदानतर्फ विनियोजन रु १७ लाख ५० हजारसमेत विनियोजन रु ५४ लाख ५० हजार भएकोमा एक स्थानीय तह एक उत्पादनमा रु १६,३१,५३३।१५ उत्पादन सामाग्री अनुदानमा १०० जनालाई रु २०,००,०००।- र यन्त्र उपकरणमा मिनी टिलर रु १७,४०,०००।- समेत रु ५३,७१,५३३।१५ खर्च गरेको देखियो । तर कार्यक्रमको निरन्तरता र दिगोपना हुने गरी कार्यान्वियन गरेको देखिएन । अत: अनुदान कार्यक्रमको दिगोपना र निरन्तरता हुनेगरि प्रभावकारी बनाइनु पर्दछ ।	
३३			**मुख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रम**	
३३.१			**बजेट र खर्चः** मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम अन्तरगत कार्यक्रम सन्चालनकालागि पूँजीगततर्फ रु ३५ लाख ५० हजार, चालुतर्फ रु २४ लाख ५० हजार समेत विनियोजन रु ६० लाख भएकोमा खर्च रु ४३ लाख ६० हजार भएको देखिएको छ । यसमा देहायका व्यहोराहरु देखिएका छन् ।	
३३.२			**खर्चको प्रमाणः** सरकारी रकम खर्च लेख्दा त्यस्तो खर्च पुष्टि गर्ने बील भरपाई र प्रमाण कागजात संलग्न गर्नु पर्दछ । तर कार्यक्रम अन्तरगत देहाय अनुसार निर्माण सामाग्री वितरण गरेकोमा खर्च पुष्टि हुने प्रमाण कागजात बेगर खर्च लेखेकोले नियमसम्मत नदेखिएको रु	४७४,६८४

भौ न र मिति	कार्यक्रम	खर्च विवरण	खर्च रु
१४-२०७८।३।१६	१०० सेट शौचालय निर्माण सामाग्री वितरण	जयराम हार्डवेयर	२५००००.
१६-२०७८।३।२०	कुखुराको खोर निर्माण	सक्षम हार्डवेयर	१३४६८४.
ऐ	६०० वटा कुखुराको चल्ला वितरण	वितरण भरपाई	९००००.
	जम्मा		४७४६८४.

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३३.३			**अनुगमन मूल्याङ्कन र कार्यक्रमको दिगोपनाः** यसमा देहायको अवस्था देखिएको छ । **क) कार्यक्रमको दिगोपनाः** कार्यालयले सन्चालन गरेका कार्यक्रमहरुको निरन्तरता र दिगोपना रहेको हुनु पर्दछ । कार्यक्रम अन्तरगत सन्चालित क्रियाकलापहरुको निरन्तरता र दिगोपना रहेको देखिएन । यसमा सुधार गरिनु पर्दछ । **ख) अनुगमन तथा मूल्याङ्कनः** मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम सन्चालन कार्यविधि, २०७५ को दफा २.१ मा निर्देशक समितिले आफ्नो स्थानीय तहमा सन्चालित कार्यक्रम वा परियोजना स्वीकृत कार्यक्रम अनुसार कार्यान्वयन भए नभएको अनुगमन गरी त्यसको प्रतिवेदन स्थानीय तहमा दिनु पर्ने र अनुगमनको मासिक प्रतिवेदन व्यवस्थापन समिति र समन्वय इकाइमा पठाउनु पर्ने व्यवस्था रहेको छ । तर त्यस अनुसार अनुगमन प्रतिवेदन बनाएको छैन र बार्षिक खरिद योजना तयार गरेको पनि देखिएन । बार्षिक प्रगति प्रतिवेदन तयार नगरेकोले भौतिक र आर्थिक प्रगतिको विश्लेषण गर्न सकिएन । यसमा सुधार गरिनु पर्दछ ।	
३४			**सुरक्षित नागरिक आवाश कार्यक्रम** **निकासा र खर्च:** गरिवीको रेखामूनी रहेका र प्रकोपका कारण घरबार विहिन भएका विपन्न परिवारहरुले सुरक्षित र वातावरणमैत्री आवास निर्माण आफैंले गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतका सामाग्री खरिदकोलागी र पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरि सुरक्षित नागरिक आवास निर्माणकालागी यो कार्यक्रम लागु भएको छ । कार्यक्रम कार्यान्वयनकालागी शहरी विकास भवन निर्माण विभागद्वारा सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ जारी गरेको छ । यस पालिकाले यो वर्ष कार्यक्रम कार्यन्वयनकालागी बजेट रु २४ लाख ७१ हजार रहेकोमा खर्च रु २३ लाख ८० हजार खर्च लेखेकोमा देहायको व्यहोराहरु देखिएका छन् । **क) सुविधा:** कार्यविधिको दफा २१ मा नेपाल सरकारबाट भूकम्प पून निर्माण, प्रकोप व्यवस्थापन वा यस्तै अन्य कार्यक्रमबाट लाभान्वित लाभग्राहीलाई यो अनुदान उपलब्ध गराईने छैन भन्ने व्यवस्था रहेकोमा पालिकाले उक्त विषय यकिन गरेको देखिएन । **ख) कार्य प्रगति:** कार्यविधिको दफा ६ अनुसार कुनै व्यक्तिले झुठा विवरण पेश गरी अनुदान लिएमा वा जुन प्रयोजनकालागी अनुदान उपलब्ध गराईएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाइएमा वा किस्ता बमोजिमको गर्नु पर्ने प्रगति अनुदान उपलब्ध गराएको मितिले ३ महिना भित्र नगरेमा लाभग्राहीबाट अनुदान रकम असुल उपर गर्ने व्यवस्था छ । तर पालिकाले आषाढ महिनाको अन्तमा कार्य प्रगतिको आधार नलिई न्यून रकमको किस्तामा अनुदान दिएको देखियो । अत कार्यविधिको अनुशरण गरी अनुदानको उपयोगलाई प्रभावकारी बनाइनु पर्दछ ।	
३५			**सामुदायिक विकासकालागी बाख्रा उद्यम परियोजना**	
३५.१			**परियोजनाको उद्देश्यः** परियोजना सम्झौतामा परियोजनाको मुख्य गतिविधिहरु उन्नत नश्लका बीउ बाख्राको वितरण, घाँसको प्रवर्द्धन कृषक परवारहरुलाई प्राविधिक तथा सामाजिक तालिम, महिला स्वावलम्बी समुह गठन र परिचालन, बाख्राको खोर सुधार, बाख्रा तौलने उपकरणको व्यवस्थापन, व्यवस्थित संकलन केन्द्र स्थापना गर्ने र महिला स्वावलम्बी समुहहरु तथा सहकारीमा आवद्ध गरि सामाजिक पूँजी अभिबृद्धि गर्नु , सुधारिएको बाख्रा व्यवस्थापन र उन्नत प्रविधिको अनुशरणबाट बाख्राकव उत्पादन, उत्पादकत्व र उद्यमशिलता अभिबृद्धि गर्नु र बाख्रा विषयगत क्षत्रको विकासका गर्ने कार्यक्रमको उद्देश्य रहेको देखियो ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			बजेट र कार्यक्रमः गाउँपालिकाको वडा न १, २, ३ र ४ मा सामुदायिक विकासकालागी बाख्रा उद्यम परियोजना सन्चालनकागाली हेफर प्रोजेक्ट नेपाल र गाउँपालिका बिच २०७६ मार्ग १५ देखि २०७९ आषाढ १६ सम्म कार्यक्रम कार्यान्वयन गर्ने गरि २०७६।८।४ मा कार्यक्रम सम्झौता गरेको देखियो । सम्झौता अनुसार कूल परियोजना लागत रु ३,२८,३८,५९८।- मध्ये हेफर प्रोजेक्टले २६.७ प्रतिशतले रु ८७,७२,२०५।- र पालिकाले ७३.३ प्रतिशतले रु २,४०,६६,३९३।- रहने र कार्यालयले पहिलो बर्ष २०७६।७७ मा २ किस्ता रु ८७,२४,११७।- दोश्रो वर्ष २०७७।७८ मा ३ किस्ताको रु १,२३,९०,६६७।- र अन्तिम वर्ष २०७८।७९ मा ३ किस्ताको रु २९,५१,६११।- वार्षिक विनियोजन रकमको २५%, ५०% र २५% गरि चौमासिक रुपमा ३ किस्तामा सोही वर्ष हेफर प्रोजेक्टको नाममा पालिकाले जम्मा गर्नु पर्ने व्यवस्था रहेको छ । यसमा देहायका व्यहोराहरु देखिएका छन् । **क) प्रस्ताव छनौटः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७० अनुसार रु २० लाख भन्दा बढीको परामर्श सेवा खरिद गर्दा खुला रुपमा आशयपत्र माग गरि संक्षिप्त सूची तयार गर्नुपर्ने र कम्तीमा ३ वटा आशयपत्रदाता छनौट हुन नसकेमा पुनः सूचना प्रकाशन गरि आशयपत्र माग गर्नु पर्ने र दोश्रो पटक सूचना प्रकाशन गर्दा पनि कम्तीमा ३ वटा आशय पत्र छनौट हुन नसकेमा छनौट भएकाजति आशयपत्रदाताको मात्र सूची कायम गर्न सकिने व्यवस्था छ । पालिकाले पहिलो पटक सूचना प्रकाशन गर्दा एक मात्र परामर्शदाता हेफर प्रोजेक्ट नेपालको मात्र प्रस्ताव परेकोमा पालिकाले पुनः दोश्रो पटक प्रस्ताव माग नै नगरि सम्झौता गरेको देखिएकोले नियमसम्मत देखिएन । यसमा सुधार गरिनु पर्दछ । **ख) परियोजना सम्झौताः** पालिकाको साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६ को दफा १६ मा साझेदी कार्यक्रमको सम्झौता प्रस्ताव छनौट प्राविधिक समितिको सिफारिसमा कार्यपालिकाको निर्णय बमोजिम १५ दिन भित्र प्रमुख प्रसासकिय अधिकृतले अनुसूचीको ढाँचामा सम्झौता गर्नेछ भन्ने व्यवस्था रहेकोमा हेफर प्रोजेक्ट नेपालसंग पालिकाका अध्यक्ष स्वयमले सम्झौता गरेकोले कार्यविधि अनुसार सम्झौता भएको देखिएन । यसमा ध्यान दिनु जरुरी देखिन्छ । **ग) कार्यक्रमको अनुगमन, मूल्याङ्कन गर्ने र पृष्ठपोषणः** परियोजना विवरण अनुसार योग्यता र अनुभव प्राप्त कर्मचारी नियुक्ति गरि कार्यक्रम अनुसार हेफर प्रोजेक्टले परियोजनामा भएका कृयाकलाप सन्चालन गर्ने तथा पालिकाले प्रस्तावमा उल्लेख भए बमोजिमको बज्ट तोकिएको समयमा उपलब्ध गराउने र परियोजनाको अनुगमन, मूल्याङ्कन गर्ने र पृष्ठपोषण दिने व्यवस्था रहेको छ । तर पालिकाले २०७६।७७ देखि सन्चालित कार्यक्रमको अनुगमन, मूल्याङ्कन गर्ने र पृष्ठपोषण तथा निर्देशन दिने गरेको देखिएन । अतः कार्यक्रम कार्यान्वयनको अनुगमन मूल्याङ्कन गरि पृष्ठपोषण र निर्देशन गरि कार्यक्रमलाई प्रभावकारी बनाइनु पर्ने देखियो । **घ) कर्मचारी परिचालनः** पालिकाले आफ्ना कर्मचारीहरुबाट गराउन सक्ने कार्यक्रमहरु कार्यालयका कर्मचारीहरु परिचालनबाट गराएको हुनु पर्दछ । पालिकाले यस कार्यक्रमबाट कार्यान्वयन गर्ने बाख्रा वितरण, खोर सुधार, घाँसको विउ वितरण तथा सचेतनासम्बन्धि तालिम कार्यक्रमहरु कार्यालयका कर्मचारीहरुबाट नै गराउन सक्नेमा कर्मचारीहरुबाट नगराई परामर्शदाताको खोजी गरि हेफर प्रोजेक्ट नेपालबाट गराईनु युक्तिसंगत देखिएन । अतः कार्यालयका कृषि शाखा तथा पशु सेवा शाखामा कार्यरत कर्मचारिहरुलाई प्रभावकारी रुपमा उपयोग गरिनु पर्दछ । **ङ) कार्यक्रमका साझेदारः** पालिकाको तोकिएका क्षेत्रहरुमा कार्यक्रम कार्यान्वयनकालागि हेफर प्रोजेक्टसंग सम्झौता गरेकोले सोही सम्झौताको पक्षले कार्यक्रम कार्यान्वयन गरेको हुनु पर्दछ । तर पालिकाको कार्यक्रम कार्यान्वयन गर्ने कार्य स्थानीय गैर सरकारी संस्था नव प्रभात युवा संघ, तम्घासबाट भएको देखियो । अतः पालिकालमा सूचीकृत नभएको स्थानीय संस्थाबाट कार्यक्रम कार्यन्वयन गरेकोले प्रस्ताव छनौट भएको प्रस्तावदाताबाट कार्यान्वयन भएको देखिएन । प्रस्ताव आह्वान गरि साझेदारी सम्झौतामा सहभागी भएको साझेदार हेफर प्रोजेक्ट नेपाल पालिकाबाट रकम भुक्तानी आफैं लिने तर कार्यक्रममा प्रत्यक्ष सहभागी नभई अन्य स्थानीय साझेदारबाट कार्यक्रम कार्यान्वयन गराएकोले नियमसम्मत देखिएन । यसमा सुधार गरिनु पर्दछ । **च) क्षतिपूर्ती र बीमाः** कार्यक्रम कार्यान्वयनका क्रममा हुने हानी नोक्सानीबाट हुने क्षतिपूर्तीकालागी बीमा गराएको हुनु पर्दछ। सम्झौताको दफा १२ मा सम्झौता कार्यान्वयनका क्रममा सम्झौताका पक्षाहरु बीच कुनै पनि विवाद उत्पन्न भएमा दुवै पक्षले आपसी छलफल गरि विवाद समाधान गर्नुपर्ने र कार्य क्षेत्रमा हुन सक्ने कुनै पनि बाधा, व्यवधान, विवाद आदि समाधान गर्नु पालिकाको कर्तब्य हुने र यस प्रकारका गतिविधिबाट दोश्रो पक्ष हेफर, स्थानीय गैर सरकारी साझेदार संस्था, कर्मचारी तथा सो संग सम्बन्धित सरोकारवालाहरुलाई कुनै हानी नोक्सानी आदि भएमा सोको	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सम्पूर्ण खर्च, लागत, क्षतिपूर्ती आदिकव जिम्मेवारी प्रथम पक्ष गाउँपालिकाको हुने शर्त रहेको देखियो । कार्यक्रम कार्यान्वयनकालागी समग्र कार्यक्रमको बीमा गराइ जोखिम न्यूनिकरण गरिनु पर्नेमा प्रथम पक्ष कार्यालयलाई जिम्मेवार बनाइनु उचित देखिएन । यसमा सुधार गरिनु पर्दछ ।	
३५.२			**खर्च अनुपात र खर्चको प्रमाणः** यसमा देहायको ब्यहोराहरु देखिएका छन् । **क) अनुपातिक खर्चः** पालिका र हेफर प्रोजेक्ट बिच भएको सम्झौता अनुसार कूल खर्चको पालिकाले ७३.३ प्रतिशत र हेफर प्रोजेक्टले २६.७ प्रतिशत व्यहोर्नु पर्ने व्यवस्था रहेको छ । यो वर्ष पालिकाले प्रोजेक्टलाई रु १,२५,२३,८६१।- (७३.३ प्रतिशत) खर्च दिएकोले हेफरको तर्फबाट सोही अनुपातमा २६.७ प्रतिशतले हुने रकम रु ४५,६१,८९७।- खर्च गर्नु पर्नेमा रु ३३,३४,८११।-(१९.५ प्रतिशत) मात्र खर्च गरेको विवरण पेश गरेकोले हेफरबाट सम्झौता अनुसारको अनुपातमा खर्च गरेको देखिएन । हेफरबाट गरेको खर्च रु ३३,३४,८११।- को अनुपातमा पालिकाबाट रु ९१,५५,११७।८४ मात्र दिनुपर्नेमा रु १,२५,२३,८६१।- दिएकोले रु ३३,६८,७४३।१६ दामाशाहीमा बढी भुक्तानी गरेको देखियो । यसबाट सम्झौताको अनुशरण भएको देखिएन । **ख) प्रमाणः** पालिका र हेफर प्रोजेक्ट बिच भएको सम्झौता अनुसार कूल खर्चको पालिकाले ७३.३ प्रतिशत र हेफर प्रोजेक्टले २६.७ प्रतिशत व्यहोर्नु पर्ने व्यवस्था रहेको छ । यो वर्ष हेफर प्रोजेक्टबाट रु ३३,३४,८११।- खर्च गरेको विवरण देखाएतापनि खर्चको पुष्ट्याई हुने प्रमाणहरु लेखापरीक्षणमा पेश नभएकोले सम्झौता अनुसार हेफर प्रोजेक्टबाट यथार्थ खर्च भए नभएको यकिन हुन सकेन । यसमा सुधार गरिनु पर्दछ ।	
३५.३			**बिल विजकः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार कुनै कारोबार गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्थाबाट मात्र गर्नु पर्ने र रु २० हजार भन्दा बढीको खरिद गर्नुपर्दा मु अ करमा दर्ता भएकाबाट गर्ने पर्ने व्यवस्था रहेको छ । त्यस्तै मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १० अनुसार कुनै कारोबारमा संलग्न हुन चाहने व्यक्तिले कारोबार शुरु गर्नु भन्दा अघि कारोबार दर्ता गरेको हुनुपर्ने र दफा १४ अनुसार बस्तु वा सेवा आपुर्ति गर्दा प्रापकलाई बिजक दिनुपर्ने र नियमावली, २०५३ को नियम १७ अनुसार दर्ता भएको व्यक्तिले कुनै बस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि बाहेक प्रापकलाई अनुसूची-५ र ५क बमोजिमको ढाचामा कर विजक दिनुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष हेफर प्रोजेक्टलाई **रु १,२५,२३,८६१।-** भुक्तानी गरेको र हेफर प्रोजेक्टले स्थानीय साझेदार नव प्रतिभा युवा संघ (NPYS) मार्फत कार्यक्रम कार्यान्वयन गराएकोमा हेफर प्रोजेक्ट नेपाल वा स्थानीय साझेदारले नियमानुसारको विजक वा कर विजक जारी गर्ने गरेको छैन र पालिकाले समेत बिल विजक माग नै नगरि कारोबार रकम भुक्तानी दिने गरेको देखियो । अतः कानून अनुसार बिल विजक जारी नै नगरि आर्थिक कारोबार गरेको देखिएकोले नियमसम्मत देखिएन । यसमा यथाशिघ्र सुधार गरिनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३५.४			**ढुवानी करः** आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा १ अनुसार भाडा भुक्तानीमा १० प्रतिशत कर कट्टा गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले हेफर प्रोजेक्टलाई यो वर्ष २०७७।७८ मा ६६ गोटा बोका तथा ६८० गोटा बाख्रासमेत ७४६ खरिद र प्रति बाख्रा ढुवानी गर्न रु ४ सयका दरले ढुवानी भाडा रु २,९८,४००।- खर्च भुक्तानी गरेकोमा ढुवानी भाडामा कर रु२९,८४०।- कट्टि गरेको देखिएन। अतः उल्लिखित ढुवानी भाडमा कर कट्ट गरेको प्रमाण पेश गर्नु पर्ने रु	२९,८४०
३५.५			**बोका तथा बाख्रा खरिद र वितरणः** कार्यक्रम अन्तरगत वितरित बोका तथा बाख्रा सम्बन्धित लक्षित वर्गले प्राप्त गरेको हुनु पर्दछ । कार्यक्रम अन्तरगत २०७६।७७ मा १६ वोका र ४६ बाख्रा र २०७७।७८ मा ६६ बोका र ६८० वटा बाख्रा वितरण गरेको विवरणबाट देखियो । कार्यक्रम अन्तरगत भएका केही कृयाकलाप परिक्षणमा देहायको अवस्था देखिएकोले यसमा सुधार गरिनु पर्दछ । **क) खोर निर्माणः** पालिकाले हेफर प्रोजेक्टलाई खोर निर्माण कार्यको रकम भुक्तानी गर्दा खोर निर्माणको लागत अनुमान र कार्यसम्पन्न भएको नापीको मूल्याङ्कनको आधारमा तोकिएको नर्मसमा नबढ्ने गरि अनुगमनसमेत गरि भुक्तानी दिएको हुनु पर्दछ । कार्यक्रम अन्तरगत हेफर प्रोजेक्टलाई यो वर्ष २०० वटा खोर निर्माण गरि प्रति खोर रु १० हजारका दरले रु २०,००,०००।- खर्च भुक्तानी गरेकोमा खोर निर्माण कार्यको लागत अनुमान र नापीको मूल्याङ्कन तयार गरेको देखिएन । खोर निर्माण कार्यको रकम भुक्तानी गर्दा नर्मस अनुसार कार्यसम्पन्न प्रतिवेदन र नापीको मूल्याङ्कन तयार गरि सोही आधारमा भुक्तानी गरिनु पर्दछ । त्यस्तै लेखापरीक्षणको क्रममा खोर निर्माण कार्यको अनुगमन गर्ने गरेको जानकारी दिएता पनि पालिकाका सम्बन्धित पशु सेवा शाखाका कर्मचारीहरु संलग्न हुने गरेको नदेखिएको र अनुगमन पश्चात अनुगमन प्रतिवेदन तयार गर्ने गरेकोसमेत देखिएन । अतः खोर निर्माण खर्च नर्मस अनुसार भुक्तानी गर्दा कार्यसम्पन्न प्रतिवेदन र नापीको मूल्याङ्कन एव अनुगमन गरि प्रतिवेदन तयार गर्ने तथा पृष्ठपोषणसमेत गरिनु पर्दछ । **ख) पशु बीमाः** कार्यक्रम अन्तरगत खरिद गरिएका ६५ गोटा बोका तथा ६५९ गोटा बाख्रासमेत ७२४ गोटा बाख्राको बिमा गरिएको हुनु पर्दछ । तर स्थानीय साझेदारले बाख्राको बीमा गराउने गरेको जनाएतापनि बीमा गराएको बील तथा वीमा पोलिसि पेश हुन सकेन । यसबाट बीउ बोका तथा बाख्रामा हुने नोक्सानीको जोखिम न्यूनिकरण भएको देखिएन । यसमा सुधार गरिनु पर्दछ । **ग) स्वास्थ्य परीक्षणः** कार्यक्रम अन्तरगर वितरण गरिने बीउ बोका तथा बाख्रा स्वस्थ रहेको हुनु पर्दछ । तर बाख्रा पालक कृषकहरुकालागी बितरीत बोका तथा बाख्राको उत्पादकत्व तथा स्वास्थ्य परीक्षण नगरि खरिद गर्ने गरेको देखियो । स्वास्थ्य तथा उत्पादकत्व परीक्षण पश्चात मात्र खरिद गरि वितरण गरिनु पर्दछ । **घ) बाख्रा खरिदः** बाख्रा खरिद गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को खरिद प्रक्रिया अवलम्बन गरिएको हुनु पर्दछ र कार्यक्रम कार्यान्वयनमा हेफर प्रोजेक्ट नेपाललाई प्रत्यक्ष रुपमा जिम्मेवार रहेको हुनु पर्दछ । बाख्रा खरिद गर्दा व्यवसायिक बाख्रा फार्मबाट नगरि अधिकांशमा घरायसी भरपाई गरेको देखियो । कार्यक्रम अन्तरगत बाख्रा खरिद गरि वितरण गरेको केही नमूना छनौट गरि सम्बन्धितसंग मोबाइल फोन सम्पर्क गरि सोधनी गरिएकोमा देहायको सूचना प्राप्त भएको छ । यस्तै अन्य खरिदमासमेत हुने भएकोले गाउँपालिका स्वयमले यकिन गरि सम्बन्धितबाट रकम असुल गरिनु पर्दछ । साथै यस कार्यमा संलग्न रहेका हेफर प्रोजेक्टसमेत स्थानीय साझेदारलाई जिम्मेवार बनाउनु पर्दछ । **१** कार्यक्रम अन्तरगत बाख्रा खरिद गर्दा घरायसी भरपाईबाट खरिद गर्ने गरेको र बिक्रेताको सम्पर्क नम्बर राख्ने नगरेकोले सम्बन्धीत विक्रेताबाट बाख्रा खरिदको ब्यहोरा अनुगमन परिक्षण गर्न सकिएन । **२** अधिकांश बोका तथा बाख्रा हातेमालो उपभोक्ता समुहले अर्घाखाँची छत्रदेवका बाख्रा ब्यापारीहरु अमृत पाण्डे (९८४७५२३०६६), तेजलाल आचार्य (९८४४७४७६२०) र गिता आचार्यबाट खरिद गरेको देखियो । त्यस अनुसार बाख्रा व्यापारीबाट खरिद गर्दा बील विजक जारी नगरि घरायसी भरपाईबाट खरिद गर्ने गरेको देखियो ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			३ कार्यक्रम अन्तरगत खरिद गरिने बाख्रा पाठीहरु ६ महिना भन्दा बढी उमेरका पाठीहरु खरिद गरिएको हुनु पर्दछ । हातेमालो उपभोक्ता समुहका सदश्य घना पाण्डेले अमृत पाण्डेबाट ५ वटा बाख्रा रु ४३ हजारमा, तेजलाल आचार्यबाट ६ वटा बाख्र रु ४५,५००।- र गीता आचार्यबाट ४ वटा रु २५,५००।- मा खरिद गरेको देखियो । उल्लिखित अनुसार खरिद गरेका पाठीहरु मध्ये एउटा पाठी ३ महिनाको रु ३५००। मा खरिद गरेको, त्यस्तै उक्त पाठीको विव।णमा उमेर ३ महिना र तौल १६ के जी र मूल्य रु ३५००।- लेखेकोमा सोही भरपाईमा ६ महिनाको पाठी १७ केजी तौल र मूल्य ७०००।- मा खरिद गरेको देखियो । ४ त्यस्तै सोही समुहका सदश्य भीमकान्त खनालले लमहीकी दिलमाया खत्रीबाट ५ महिनाको ३ वटा रु १४,५००।- मा, सरिता के सीबाट ४ महिनाका ३ वटा रु १४,८५०।- मा, हुमा वलीबाट ५ महिनाका ३ वटा रु १४,२५०।- मा र तिला कुमारी रानाबाट ३ वटा रु १६,६५०।- मा खरिद गरेको देखियो । उल्लिखित अनुसार बाख्रा खरिद गर्दा परिमाण तौलको आधारमा खरिद नगरि हचुवा तवरमा खरिद गरेको देखियो । यसमा सुधार गरिनु पर्दछ ।	
३६			**सामाजिक सुरक्षा**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३६.१	२	२०७९-१-१०	**प्रणाली प्रविष्टि** : सामाजिक सुरक्षा भत्ता वितरण निर्दिशका २०७७ को दफा १४ मा सामाजिक सुरक्षा भत्ता वितरण गर्दा प्रणालीमा प्रविष्टि गरेको लाभग्राहीको अद्यावधिक विवरणको आधारमा भुक्तानी गर्नु पर्दछ ।वडा सचिव हिमाल घर्तिले वडा नं.६ का लाभग्राहीहरुलाई प्रथम चौमासिकको सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा प्रणालीमा प्रविष्टि नामावलीमा हातले लेखी थप व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ता वितरण गरेको नियम सम्मत देखिएन । अत: उक्त व्यक्तिहरु प्रणालीमा प्रविष्टि भएको प्रमाण पेश गर्नुपर्ने रु.	३४,४००

सि.नं.	वडा नं.	नाम	लाभग्राही किसिम	रकम
१	६	समक्षा सार्की	दलित बालबालिका	१६००
२		मनिषा सुनार	दलित बालबालिका	१६००
३		गंगाबहादुर कामी	दलित बालबालिका	१६००
४		आदित्य नेपाली	दलित बालबालिका	१६००
५		अनमोल सुनार	दलित बालबालिका	१६००
६		मिना बस्नेत	अपांग ख	६४००
७		ओम बहादुर महत	अपांग क	१२०००
८	४	अमृत नेपाली	दलित बालबालिका	१६००
९		रीदम परिवार	दलित बालबालिका	१६००
१०		प्रतिक्षा सुनार	दलित बालबालिका	१६००
११		विपसा सार्की	दलित बालबालिका	१६००
१२		अर्गिम नेपाली	दलित बालबालिका	१६००
जम्मा				३४४००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३६.२			**बढी भुक्तानी** : सामाजिक सुरक्षा भत्ता निर्देशिका २०७७ बमोजिम मृत्यु भई लगत कट्टा भैसकेका व्यक्तिहरुको नाममा भत्ता भुक्तानी गर्नु हुदैन । तर पालिकाले देहायका वडाका जेष्ट नागरीक भत्ता भुक्तानी खर्च लेखेकोमा लगत कट्टा भैसकेका व्यक्तिहरुको समेत भुक्तानी गरेको देखएकोले सो सकम असुल गर्नुपर्ने रु.	२१,०००

वडा	नाम	लगत कट्टा	भुक्तानी	पाउने	बढी भुक्तानी
६	हिमकला खड्का	२०७७।४।१४	१२०००	३०००	९०००
२	बालकुमारी जोगी कुंवर	२०७७।३।३०	१२०००	०	१२०००
जम्मा					२१०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३७	८०	२०७८-१२-२५	**दिवा खाजा** विद्यालयहरुलाई दिवा खाजाको रकम निकासा दिदा विद्यालयको माग र दिवा खाजाको भर्पाई अनुसार दिनुपर्दछ । पालिकाले ठाडढुंगा माविलाई भर्पाई अनुसार रु.३८६२५।- निकासा दिनु पर्नेमा रु. ६३९००।- निकासा दिएकोले बढी निकासा दिएको रु. २५२७५।- बढी निकासा दिएको देखिएकोले असुल गर्नुपर्ने रु.	२५,२७५
३८	४	२०७८-३-२६	**उद्यम विकास कोष स्थापना र परिचालन कार्यक्रम** उद्यम गर्न चाहने युवाहरुलाई सहुलियत कर्जाको लागि उद्यम विकास कोष स्थापना र परिचालन कार्यक्रम अन्तर्गत गाउंपालिकाका ६ वटा वडाबाट ३० जना र प्रतिवडा ५ जनाका दरले १ जनालाई २ लाख, २ जनालाई १।१ लाख र २ जनालाई ५०।५० हजार कर्जा प्रवाह गराउनको लागि उज्यालो बहुउदेश्यिय सहकारी संस्था लिमिटेडसंग २०७७।११।२५ मा सम्झौता गरी उक्त सहकारीलाई रु. ३० लाख भुक्तानी गरेकोमा देखिएका व्यहोराहरु निम्न छन् : (क) प्रत्यक वडाले ५ जना देखि १२ जनासम्मको प्राथमिकता क्रम निर्धारण गरी पालिकामा पठाएकोमा प्राथमिकता निर्धारणको आधार खुलाएको देखिएन । (ख) सम्झौताको बुंदा १० मा उद्यमी छनोटको सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र सेवा प्रदायक र युवा उद्यमी समूह विच सम्झौता गर्नुपर्ने, सम्झौताको बुंदा ११.२ मा त्रिपक्षीय सम्झौता भइसकेपछि १ हप्ताभित्र वित्तिय संस्थामा बचत खाता खोली कम्तिमा १० प्रतिशत रकम जम्मा गरी जानकारी दिनुपर्ने,सम्झौताको बुंदा ११.३ मा खाता खोलेको १ हप्ताभित्र स्वीकृत कर्जा रकम एकमुष्ट वा उद्यमीको आवश्यकता बमोजिम रकम उपलव्ध गराउनुपर्ने, सम्झौताको बुंदा ११.६ मा उद्यमीले आफूले प्राप्त गरेको रकम १ वर्षसम्म पूर्ण परिचालन गर्न पाउने, कुल कर्जा रकमको दोश्रो वर्ष ४० प्रतिशत, तेश्रो वर्ष ६० प्रतिशत बित्तिय सेवा प्रदायक संस्थामा फिर्ता गर्नु पर्ने,बुंदा १२ मा उद्यम विकास कोषको व्यवस्था छ । यसमा विनियोजन रकम, उद्यमीले फिर्ता गरेको रकम, तोकिएको समयमा युवा उद्यम समूहमा लगानी हुन नसकेको रकम जम्मा हुने व्यवस्था भएको लेखापरीक्षण अवधिसम्म पनि कुनै प्रगति भएको देखीएन ।अत: सम्झौताको बुंदा १२ बमोजिम उक्त रकम लगानी हुन नसकेकोले व्याज सहित संचित कोष फिर्ता हुनुपर्ने रु.	३,०००,०००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३९</td><td></td><td></td><td>स्वास्थ्य पूंजिगत
बढी भुक्तानी : पालिकाले हस्तीचौर हेल्थपोष्ट वाल निर्माण कार्यको उपभोक्ता समितिलाई रु.४७४३३२।५० भुक्तानी गरेकोमा उक्त निर्माण कार्यको लागत अनुमानमा १:४ सिमेन्ट मसला तयार गरी ढुंगाको गारा लगाउने कार्यको दर विश्लेषण गर्दा ओपिसि सिमेन्ट प्रयोग गर्ने गरी प्रति घन मिटर सिमेन्टको जिल्ला दररेट प्रति बोरा सिमन्टको दर रु. ८००। ले प्रति मे.टन रु. १९९२५। ले लागत अनुमान तयार गरेकोमा पिपिसी सिमेन्टको दर प्रतिबोरा रु ७०० को दरले प्रतिघनमिटर १६५६०।१९ हुने हुनाले उपभोक्ता समितिबाट पिपिसी सिमेन्टको बिल पेश भएकोले ३६.३८ घनमिटर कार्यको प्रति घनमिटरमा ०.१५९ मे टन सिमेन्टको दरले ५.७८ मे टन सिमेन्टको रु. ३३६४।८१ को दरले बढी भुक्तानी भएको रु.१९४४८। असुल गर्नुपर्ने रु.</td><td>१९,४४८</td></tr>
<tr><td>४०</td><td></td><td></td><td>स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम</td><td></td></tr>
<tr><td>४०.१</td><td></td><td></td><td>कार्यक्रम खर्चः स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तरगत यो वर्ष विनियोजन रु ६९ लाख भएकोमा खर्च रु ५०५४६६१।७६ गरेको देखियो । यसमा देहायको व्यहोराहरु देखिएका छन् ।</td><td></td></tr>
<tr><td>४०.२</td><td>७</td><td>२०७८-३-२४</td><td>कन्टिन्जेन्सि कट्टीः पालिकाले उपभोक्ता समिति मार्फत गराइने कार्यको अनुगमन खर्चकालागी खुद भएको कार्य मध्ये पालिकाले बेहोर्ने कार्यको मात्र कट्टी गरेको हुनु पर्दछ । पालिकाले देहायका सडक तथा विद्यालय भवन निर्माण कार्यमा उपभोक्ता समितिलाई कूल रु २७,०७,५७४।- मात्र भुक्तानी दिएकोले सोही रकमको ४ प्रतिशतले हुने रु १०८,३०३।- मात्र कट्टी गर्नु पर्नेमा रु २०३,२००।- दिएकोले बढी कट्टी गरि पालिकामा राखेको रु ९४,८९७।- संघीय सन्चित कोष दाखिला गर्नुपर्ने देखिएको रु
<table>
<tr><th>उपभोक्ता समितिको नाम</th><th>सम्झौता अङ्क</th><th>खुद खर्च रु</th></tr>
<tr><td>सुनतलादेवी आ वि भवन निर्माण</td><td>१००००००</td><td>१००००००</td></tr>
<tr><td>जनज्योती आ वि भवन निर्माण</td><td>१००००००</td><td>१११९४४</td></tr>
<tr><td>क्लष्टर सडक योजना</td><td>१००००००</td><td>४१२१५९</td></tr>
<tr><td>ईस्मा मैदान खग्रेटा ठूला नीस्दी सडक</td><td>२०८००००</td><td>११८३४७१</td></tr>
<tr><td>जम्मा</td><td>५०८००००</td><td>२७०७५७४</td></tr>
</table></td><td>९४,८९७</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४०.३			**कार्यक्रम अनुगमन र सार्वजनिक परीक्षणः** यसमा देहायका व्यहोराहरु देखिएका छन् । **क) आयोजना अनुगमनः** नियमावलीको नियम १५ अनुसार आयोजनाको अनुगमन गरि स्थानीय तहलाई नियमित रुपमा प्रतिवेदन दिनु पर्ने व्यवस्था भएकोमा सन्चालित योजनाको अनुगमन गरि प्रतिवेदन दिने र पृष्ठ पोषणको कार्यहरु हुने गरेको देखिएन । अतः यसमा सुधार गरिनु पर्दछ । **ख) सार्जनिक परिक्षणः** नियमावलीको नियम १६ मा नियमावली बमोजिम सन्चालित कार्यक्रमहरु प्रभावकारी बनाउन स्थानीय तहले प्रचलित कानून बमोजिम सार्वजनिक परीक्षणका विधि अवलम्बन गरि सार्वजनिक परीक्षण गर्नु पर्ने व्यवस्था छ । कार्यक्रम अन्तरगत उपभोक्ता समितिहरु मार्फत विभिन्न ४ कार्यक्रम कार्यान्वयन गरि रु ५५ लाख खर्च गरेकोमा पालिकाले सार्वजनिक परीक्षण गरेको देखिएन । अतः नियमावलीको व्यवस्था अनुसार सार्वजनिक परीक्षण गरी कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाइनु पर्दछ ।	
४१			**निशुल्क पाठ्यपुस्तक वितरण कार्यक्रम**	
४१.१			**पाठ्यपुस्तक वितरणः** कार्यालयले माध्यामिक तहसम्मको शिक्षा निशुल्क वितरण गर्ने नेपाल सरकारको निति अनुसार विद्यालयहरुलाई दिएको निकासाबाट खरिद पुस्तक सम्बन्धित विद्यार्थीहरुले प्राप्त गरेको हुनु पर्दछ । पालिका क्षेत्रभित्र पालिकाले पाठ्यपुस्तक निकासा दिनुपर्ने ४३ वटा विद्यालयहरुकालागी यो वर्ष बजेट रु २६,७१,०००।- भएकोमा विद्यालय शैक्षिक गुणस्तर शीर्षकबाट रु २४,१४२।- समेत रु २६,९५,१४२/- निकासा खर्च गरेको देखियो । यसमा देहायका व्यहोराहरु देखिएका छन् ।	
४१.२			**कार्यक्रम कार्यान्वयनः** कार्यालयले माध्यामिक तहसम्मको शिक्षा निशुल्क वितरण गर्ने नेपाल सरकारको निति अनुसार विद्यालयहरुलाई दिएको निकासाबाट खरिद पुस्तक सम्बन्धित विद्यार्थीहरुले प्राप्त गरेको हुनु पर्दछ । शिक्षा तथा मानवश्रोत विकास केन्दंबाट प्रकाशित आ व २०७७।७८ को कार्यक्रम कार्यान्वयन पुस्तिकामा कृयाकलाप न ३.१ मा उल्लिखि व्यवस्था कार्यान्वयनमा देहायको अवस्था देखिएकोले सुधार गरिनु पर्दछ । । १ IEMIS मा प्रविष्ट तथ्यांकलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापन गराई सत्यपित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गराई सोको आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्षुस्तकको संख्या यकिन गर्ने उल्लेख भएकोमा त्यस अनुसार अभिलेख अद्यावधिक गराएको देखिएन । २ यकिन संख्याको आधारमा दोश्रो चद्यमासिकमा विद्यालयलाई अनुदान दिने र यसरी अनुदान दिंदा पहिलो पटक विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र २०७८ बैसाखबाट शुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा यकिन गरि नपुग रकम मात्र थप अनुदान दिने व्यवस्था रहेकोमा त्यस अनुसार हुने गरेको देखिएन । ३ विद्यार्थीले शैक्षिक सत्रको शुरुमै पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य स्थानीय तहबाट गर्नु पर्ने व्यवस्था रहेकोमा अनुगमन गर्ने गरेको देखिएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४१.३			**पाठ्यपुस्तकमा बढी निकासाः** कार्यालयले विद्यालयहरुलाई निशुल्क पाठ्यपुस्तकको रकम निकासा गर्दा यथार्थ खर्चको आधारमा निकासा दिएको हुनु पर्दछ । कार्यालयले विद्यालयहरु लाई निशुल्क पाठ्यपुस्तकको रकम निकासा गरेको ४३ वटा मध्ये १० विद्यालयको विवरण तथा बील भरपाई परिक्षण गर्दा ७ वटा विद्यालयहरुलाई बढी निकासा दिएको देखियो । यस्तै अन्य विद्यालयहरुमासमेत बढी निकासा दिएको हुनसक्ने भएकोले कार्यालयाई यकिन गर्न लगाइएकोमा अनुसूची - १ बमोजिम रामराज्य मा वि समेत २७ वटा विद्यालयहरुलाई रु १,६४,३८८।- बढि निकासा दिएको देखिएको रकम असुल गर्नु पर्ने रु	१६४,३८८
४१.४			**वितरण भरपाईः** कार्यालयले विद्यालयहरुलाई पाठ्यपुस्तक वितरणकालागि निकासा दिएको रकम पुस्तक खरिद गरि सम्बन्धीत विद्यार्थीहरुले प्राप्त गरेको हुनु पर्दछ । कार्यालयले विद्यार्थीहरुलाई पाठ्यपुस्तक वितरणकालागी सरस्वती आधारभुत विद्यालय, चौरासीलाई रु १६,२६८।- निकासा दिएकोमा कक्षा ३ का सम्बन्धीत विद्यार्थीले पुस्तक पाएको नदेखिएकोले विद्यालयबाट असुल गर्नु पर्ने देखिएको रु	१६,२६८
४२			**आय ठेक्का ब्यवस्थापनः**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४२.१			**आय ठेक्काः** कार्यालयले तयार गरेको विवरण अनुसार पालिका क्षेत्र भित्रको नदिजन्य पदार्थ विक्रिकालागी देहाय अनुसार ठेक्का बन्दोवस्त गरी आन्तरिक आय असुल गरेको देखियो । उल्लिखित ठेक्कामा नदिजन्य पदार्थ उत्खननन् गरि विक्रि वितरण गरेको परिमाणको अभिलेख निर्माण व्यवसायी तथा कार्यालय दुवैले राखेको नदेखिएकोले उत्खननन् परिमाणको विश्लेषण गर्न सकिएन ।	

सि न	ठेक्का न	व्यवसायीको नाम	सम्झौता अङ्क	पहिलो किस्ता	दोश्रो किस्ता
१	११-२०७७।७८	सुनिल समिर निर्माण सेवा	१३५७१३०	५४२८५२	८१४२७८
२	२-२०७७।७८	आकृति मालिका कन्स्ट्रक्सन	२००५६७६	८०२३९०	१२०३२८६
३	३-२०७७।७८	गाउँले निर्माण सेवा	२२६०००	११३०००	११३०००
		जम्मा	३५८८८०६	१४५८२४२	२१३०५६४

उल्लिखित अनुसार ठेक्का बन्दोवस्त गरि राजश्व असुली गरेकोमा निम्न व्यहोराहरु देखिएका छन्।

क) नदीजन्य पदार्थको घाटगद्दीः नदीजन्य पदार्थ विक्रिकालागी व्यवसायीहरुसंग भएको सम्झौता अनुसार नदीजन्य पदार्थको संकलन, भण्डारण र घाट गद्दीको व्यवस्था संकलन स्थलबाट ५०० मिटरको दूरीमा गरिने व्यवस्था भएकोमा लेखापरीक्षणको क्रममा घाटगद्दी गर्ने नगरेको र उत्खन्न स्थल तथा घाटगद्दी स्थलमा परिमाण नाप तथा विश्लेषण गर्ने नगरेको जानकारी गराएकोले उत्खननन् परिमाणको नाप तथा विश्लेषण हुन सक्ने अवस्था रहेन । अतः उत्खननन् स्थलभन्दा ५०० मिटरको दूरीमा घाटगद्दी गराउने तथा परिमाण नाप गर्ने व्यवस्था गरि उत्खननन् कार्यको नियमन र नियन्त्रणलाई प्रभावकारी बनाइनु पर्दछ ।

ख) नदीजन्य पदार्थ विक्री अभिलेखः नदीजन्य पदार्थ विक्रिकालागी व्यवसायीहरुसंगको सम्झौता अनुसार बोलपत्रदाताले ढुङ्गा गिटीसमेत नदीजन्य पदार्थ विक्रिको अभिलेख राखी सोको परिमाण खुल्ने तेरिजसमेत तयार गरि पालिकाको राजश्व शाखामा साप्ताहिक रुपमा अनिवार्य रुपमा पेश गर्नुपर्ने उल्लेख छ । उक्त ठेक्काबाट २५०० घ फी नदीजन्य पदार्थ उत्खननन् गरि विक्री गर्न ठेक्का बन्दोबस्त गरेकोमा उत्खननन् परिमाणको तेरिज पठाउने गरेको देखिएन र कार्यालयलेसमेत माग गरि विश्लेषण गर्ने गरेको देखिएन । अतः सम्झौता अनुसार उत्खननन् परिमाणको विवरण माग गरि नियमन र नियन्त्रण गरिनु पर्दछ ।

ग)बैंक जमानतः ठेक्का सूचनामा कबोल रकमको ४० प्रतिशत सम्झौताको समयमा र बाँकी ६० प्रतिशत बरावरको रकम बाणिज्य बैकको २०७८ श्रावण मशान्तसम्म म्याद भएको स्वीकृत जमानत पत्र पेश गर्नुपर्ने र २०७८ बैशाख मशान्त वा उत्खननको ७५ प्रतिशत परिमाण मध्ये जुन पहिला हुन्छ सोही मितिमा दाखिला गर्नु पर्ने व्यवस्था रहेको छ । तर कार्यालयले लिएर मात्र ठेक्का चलान पूर्जी दिनुपर्नेमा बैंक जमानत नलिइ चलानपूर्जि दिएकोले नियमसम्मत देखिएन ।

घ) अनुगमन मूल्याँकनः आय ठेक्का व्यवसायीसंगको सम्झौतामा नदीजन्य पदार्थको उत्खननन् संकलन गरि घाटगद्दी क्षेत्रबाट विक्रि वितरण गर्ने क्रममा उल्लिखित शर्तहरु पालना भए नभएको सम्बन्धमा गाउँपालिकाले अनुगमन गरि आवश्यक निर्देशन दिने उल्लेख रहेकोमा त्यस अनुसार अनुगमन मूल्याँकन गरि निर्देशन दिने गरेको देखिएन ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४२.२</td><td></td><td></td><td>मु अर कर दाखिलाः कार्यालयले नदीजन्य पदार्थ विक्रि गर्दा संकलन गरेको मुल्य अभिबृद्धि कर सम्बन्धित राजश्व खातामा दाखिला गरेको हुनु पर्दछ । कार्यालयले नदीजन्य पदार्थ विक्रिबाट संकलन गरेको मु अ कर सम्बन्धीत राजश्व खातामा दाखिला नगरि कार्यालयको सन्चित कोषमा राखेको देखिएकोले सम्बन्धीत आन्तरिक राजश्व खातामा दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने देखिएको रु
<table>
<tr><td>सि न</td><td>ठेक्का न</td><td>व्यवसायीको नाम</td><td>सम्झौता अङ्क</td><td>मु अ कर रु</td></tr>
<tr><td>१</td><td>११-२०७७।७८</td><td>सुनिल समिर निर्माण सेवा</td><td>१३५७१३०</td><td>१५६१३०</td></tr>
<tr><td>२</td><td>२-२०७७।७८</td><td>आकृति मालिका कन्स्ट्रक्सन</td><td>२००५६७६</td><td>२३०७४१</td></tr>
<tr><td>३</td><td>३-२०७७।७८</td><td>गाउँले निर्माण सेवा</td><td>२२६०००</td><td>२६०००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>३५८८८०६</td><td>४१२८७१</td></tr>
</table></td><td>४१२,८७१</td></tr>
<tr><td>४२.३</td><td></td><td></td><td>गाउँले निर्माण सेवाः कार्यालयले ठे न ३-२०७७।७८ समुन्द्रे देखि खहरे खोलासम्मको वगर क्षेत्रको नदिजन्य पदार्थ संकलनको ठेक्का कबोल गर्ने निर्माण व्यवसायी गाउँले निर्माण सेवाको मु अ कर बाहेकको कबोल अङ्क रु २ लाख स्वीकार गरि २०७७।७।१५ मा ठेक्का सम्झौता भएको र पहिलो किस्ता ५० प्रतिशतले रु १ लाख २०७७ चैत्र मशान्तसम्ममा बुझाउनु पर्नेमा २०७७।१२।२५ मा रु ७० हजारमात्र बुझाएको र मु अ करसमेत रु १,२६,०००।- नबुझाई बाँकी राखेको देखियो । कार्यालयले निजसंग बैंक जमानतसमेत नलिई व्यवसायीलाई अनुचित सुविधा दिएको देखियो । अतः उक्त निर्माण सेवाबाट बाँकी रु १,२६,०००।- मा प्रचलित कानून बमोजिम ब्याजसमेत लगाईअसुल गर्नुपर्ने देखिएको रु</td><td>१२६,०००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४२.४			**अग्रीम करः** नदीजन्य पदार्थ विक्रिकालागी २०७७।६।१५ मा प्रकाशित सूचना अनुसार मु अ कर कर १३ प्रतिशत र अग्रिम कर १.५ प्रतिशत रकमसमेत दाखिला गर्नुपर्ने उल्लेख भएकोमा देहाय अनुसार सम्झौता भएका ठेक्कामा अग्रिम कर असुल गरेको नदेखिएकोले असुल गरिनु पर्ने रु	४७,६३९

सि न	ठेक्का न	व्यवसायीको नाम	सम्झौता अङ्क	भ्याट बाहेक रु	१.५%कर
१	११-२०७७।७८	सुनिल समिर निर्माण सेवा	१३५७१३०	१२०१०००	१८०१५
२	२-२०७७।७८	आकृति मालिका कन्स्ट्रक्सन	२००५६७६	१७७४९३५	२६६२४
३	३-२०७७।७८	गाउँले निर्माण सेवा	२२६०००	२०००००	३०००
		जम्मा	३५८८८०६	३१७५९३५	४७६३९

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४२.५			**व्यवसायीलाई अनुचित सुवधाः** आय ठेक्का सूचना र ठेक्का सम्झौता गर्दा आय ठेक्काका व्यवसायीहरुलाई देहाय अनुसार अनुचित लाभ पुग्ने गरि सम्झौता गरेको देखिएको छ । यसमा सुधार गरिनु पर्दछ । **क) ठे न १-२०७७।७८ का सुनिल निर्माण सेवाः** रातडाँडादेखि छल्दिपना गुरुवा खोलासम्मको क्षेत्रमा नदीजन्य पदार्थ संकलन गर्ने कार्यको कबोल अङ्क मु अ कर समेत रु १३,५७,१३०।- स्वीकृत गरि सम्झौता गर्दा प्रथम किस्ता रु ५,४२,८५२।- अग्रिम रुपमा बुझाई सम्झता गर्ने व्यवस्था रहेकोमा सम्झौताको समयमा नबुझाएको र दोश्रो किस्ता २०७८ आषाढ मशान्तसम्ममा बुझाउनु पर्नेमा सबै रकम २०७८।३।१६ मा दाखिला गरेको देखियो । उक्त ठेक्कामा ठेक्का सम्झौता गर्दा ढिला दाखिला भएमा जरिवाना लाग्ने ब्यवस्था नगरेको र नदिजन्य पदार्थ संकलन गर्ने अवधि २०७८ जेष्ठ मशान्त भएकोमा ठेक्का रकमको दोश्रो किस्ता २०७८ आषाढ मशान्तसम्म दाखिला गरे हुने गरि सम्झौता गरेको आय ठेक्का सूचनाको शर्तहरु अनुशरण गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ । **ख) ठे न २-२०७७।७८ का आकृति मालिका कन्स्ट्रक्सन प्रा लिः** गुर्वा खोलादेखि हुलाके अरादी खोलासम्मको वगर क्षेत्रमा नदीजन्य पदार्थ संकलन गर्ने कार्यको कबोल अङ्क मु अ कर समेत रु २०,०५,६७९।- स्वीकृत गरि सम्झौता गर्दा प्रथम किस्ता रु ८,०२,३९०।- अग्रिम रुपमा बुझाई सम्झता गर्ने व्यवस्था रहेकोमा सम्झौताको समयमा नबुझाई २०७७।७।१८ मा बुझाएको र दोश्रो किस्ता रु १२,०३,५८६।- मिति २०७८।३।२८ मा बुझाएको देखियो । ठेक्का सम्झौता गर्दा ढिला दाखिला भएमा जरिवाना लाग्ने ब्यवस्था नगरेको र नदिजन्य पदार्थ संकलन गर्ने अवधि २०७८ जेष्ठ मशान्त भएकोमा ठेक्का रकमको दोश्रो किस्ता २०७८ आषाढ मशान्तसम्म दाखिला गरे हुने गरि सम्झौता गरेकोले आय ठेक्का सूचनाको शर्तहरुको अनुशरण भएको देखिएन । यसमा सुधार गरिनु पर्दछ । **ग) ठे न ३-२०७७।७८ का गाउँले निर्माण सेवाः** समुन्द्रे देखि खहरे खोलासम्मको क्षेत्रमा नदीजन्य पदार्थ संकलन गर्ने कार्यको कबोल अङ्क मु अ कर बाहेक रु २,००,०००।- स्वीकृत गरि २०७७।७।१५ मा सम्झौता गर्दा प्रथम किस्ता ५० प्रतिशत २०७७ चैत्र मशान्तसम्म र र दोश्रो किस्ता ५० प्रतिशत २०७८ जेष्ठ मशान्तसम्ममा बुझाउनु पर्ने गरि सम्झौता गरेको देखियो । ठेक्का सम्झौता गर्दा ढिला दाखिला भएमा जरिवाना लाग्ने ब्यवस्था नगरेको, ठेक्का सूचना बमोजिम बाँकी रकमको बैंक जमानत माग नगरेको र नदिजन्य पदार्थ संकलन गर्ने अवधि २०७८ जेष्ठ मशान्त भएकोमा ठेक्का रकमको दोश्रो किस्ता २०७८ जेष्ठ मशान्तसम्म दाखिला गरे हुने गरि सम्झौता गरेकोले आय ठेक्का सूचनाको शर्तहरुको अनुशरण नगरि ब्यवसायीलाई अनुचित लाभ दिएको देखियो । यसमा सुधार गरिनु पर्दछ । ५,६७९।-	
४३			**आन्तरीक आय र वडा राजश्व दाखिला**	
४३.१			**बक्यौता अभिलेखः** पालिकाको असुल गर्नु पर्ने राजस्व बक्यौताको अभिलेख लगत अद्यावधिक राखेको हुनु पर्दछ । तर पालिकाले उठाउने मालपोत तथा आय ठेक्कालागयतको असुल गर्न बाँकी राजश्व वक्यौताको अभिलेख राख्ने गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४३.२</td><td></td><td></td><td>राजश्व रकम ढिला दाखिलाः प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यलय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दशप्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन वमोजिम विभागिय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ । त्यस्तै सोही बमोजिम प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४ को दफा २४ को उपदफा २ मा १० दिनसम्म ढिलो गरेको भए १० प्रतिशत र १० दिन भन्दा बढी ढिलो गरेको भए १० प्रतिशत जरिवान र विभागीय कारवाही समेत गरिने उल्लेख छ ।
कार्यालयले तयार गरि लेखापरीक्षणार्थ पेश गरेको राजश्व आम्दानी तथा दाखिला विवरण अनुसार तोकिएको समयमा नगद दाखिला हुने नगरेकोमा जरिवाना तथा कुनै कारवाही गर्ने गरेको देखिएन । पालिका कार्यालयले वडाहरुमा नगदि रसिद काटिने जनाएको भएता पनि पालिकाको आय शाखाबाट आम्दानी तथा बैक दाखिलाको दैनिक भीडान गर्ने गरेको नदेखिएकोले यथार्थ आम्दानी तथा दाखिला भिडान हुन सक्ने अवस्था देखिएन । पालिकाले तयार गरि पेश गरेको आम्दानी दाखिलाको विवरणमा लकडाउन नभएको अवधि श्रावण देखि चैत्रमहिना सम्मको दाखिला विवरण परीक्षण गरिएकोमा अनुसूची मा उल्लेख भए अनुसार राजश्व आम्दानी ढिला दाखिला गरेको देखिएकोले सोही अनुसार अन्य वडा तथा कार्यालयमासमेत हुनसक्ने भएकोले कार्यालय स्वयमले यकिन गरि जरिवाना असुल गर्नु पर्दछ । साथै यसमा सुधार गरि अनुसूची अनुसारको जरिवाना असुल गर्नु पर्ने देखिएको रु</td><td>६४,५०७.५</td></tr>
<tr><td>४३.३</td><td></td><td></td><td>राजश्व दाखिला प्रमाणः पालिका मातहतका वडा कार्यालयहरुबाट प्राप्त गरेको राजश्व पालिकाको सन्चित कोषमा दाखिला गरेको हुनु पर्दछ । पालिकाको देहायका वडाका जिम्मेवार कर्मचारीहरुले संकलन गरेको राजश्व अनुसूची अनुसार घटी दाखिला गरेको देखिएकोले प्रचलित कानून बमोजिम १० प्रतिशत जरीवाना सहित असुल गर्नु पर्ने देखिएको रु
<table>
<tr><th>वडान</th><th>कर्मचारीकोनाम</th><th>संकलन रु</th><th>दाखिला रु</th><th>घटी रु</th><th>जरिवाना रु</th><th>जम्मा रु</th></tr>
<tr><td>३</td><td>श्री कृष्ण थापा मगर</td><td>२३८९५१</td><td>२३८८५०</td><td>१०१</td><td>१०.१</td><td>१११.१</td></tr>
<tr><td>५</td><td>श्री शेर बहादुर खड्का</td><td>१९०५४०.५७</td><td>१७५९७४.५</td><td>१४५६६</td><td>१४५६.६१</td><td>१६०२२.६८</td></tr>
<tr><td>६</td><td>हिमाल घर्ति</td><td>४०९२७</td><td>४०६३२</td><td>२९५</td><td>२९.५</td><td>३२४.५</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४७०४१९</td><td>४५५४५७</td><td>१४९६२</td><td>१४९६</td><td>१६४५८.२८</td></tr>
</table></td><td>१६,४५८.२८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४३.४</td><td></td><td></td><td>दाखिलाः पालिका अन्तरगतका वडा कार्यालयमा संकलित राजश्व पालिकाको सन्चित कोष खातामा दाखिला गरेको हुनु पर्दछ । कार्यालयले तयार गरेको अनुसूची को विवरण अनुसार देहायका वडा सचिवहरुबाट वडामा संकलित राजश्व भन्दा बढी रकम सन्चित कोषमा दाखिला गरेको जनाएको छ । तर संकलित राजश्व भन्दा बढी दाखिला भएको कारण उल्लेख नगरेकोले कार्यालयले संकलित आय पुनः यकिन गर्नु पर्ने देखिन्छ ।
<table>
<tr><th>वडान</th><th>कर्मचारीको नाम</th><th>अवधि</th><th>संकलन रु</th><th>दाखिला रु</th><th>बढी रु</th></tr>
<tr><td>१</td><td>श्री भीमकान्त शर्मा रेग्मी</td><td>बार्षिक</td><td>२००२५६</td><td>२०४४५८</td><td>४२०२</td></tr>
<tr><td>२</td><td>श्री सन्तोष ज्ञवाली</td><td>वार्षिक</td><td>२९३०७२</td><td>२९३४७२</td><td>४००</td></tr>
<tr><td>६</td><td>श्री मुना पचभैया</td><td>वार्षिक</td><td>२४३२७५.६</td><td>२४३५९०.६</td><td>३१५</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>७३६६०३.६</td><td>७४१५२०.६</td><td>४९१७</td></tr>
</table></td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>दोहोरो भत्ता
कार्यालयले भत्ता खर्च लेख्दा दोहोरो नपर्ने गरी भुक्तानी गर्नु पर्दछ। ३ नं वडा सचिव श्री कृष्णा थापा मगर २०७७।१०।५ देखि १०।११ सम्मा तम्घास भ्रमण गरी भ्रमण भत्ता खर्च लेखेकोमा २०७७।१०।११ को रु ८५०।वैठक भत्ता समेत भुक्तानी दिएकोले दोहोरो भत्ता असुल गर्नुपर्ने रु</td><td>८५०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४५			**का स मू भत्ता** कर्मचारीको कार्यसम्पादन मूल्यांकन गरेवापत कर्मचारीहरुलाई वैठक भत्ता दिने व्यवस्था देखिंदैन ।कार्यालयले विभिन्न कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन गर्दा वैठक वसेको जनाइ गो.भौ.नं ४ मिति २०७७।६।११ वाट देहाय अनुसार रु ४३५००।।भत्ता भुक्तानी गरेको देखियो ।अतः नियममा व्यवस्था नभएको अवस्थामा देहायका कर्मचारीहरुलाई का.स.मू.वैठक भत्ता भुक्तानी गरेकोले कर कट्टा पछिको उक्त रकम असुल गर्नुपर्ने रु	३६,९७५
४६			**लेन्थ वर्कर खर्च**	

पदाधिकारीको नाम	वैठक संख्या	भत्ता दर	रकम	भुक्तानी
जि.स.अ.श्री विजय कुमार कार्की	६	१५००	९०००।	७६५०।
नि.प्र.प्र.अ.श्री नारायण महत	५	१५००	७५००।	६३७५।
प्र.अ.श्री उद्धव पन्थी	६	१५००	९०००।	७६५०।
शा.अ.श्री योगराज अर्याल	६	१५००	९०००।	७६५०।
ख.श्री रेशमलाल भुसाल	६	१५००	९०००।	७६५०।
जम्मा	२९	१५००	४३५००।	३६९७५।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४६.१			सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ कुनै पनि खरिद गर्न लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ ।त्यस्तै दफा ४५ मा सामान्य प्रकृतिको मर्मत संभार,सानातिना नियमित कार्य वा सरसफाइ जस्ता कार्य अमानतवाट वा उपभोक्ता समितिवाट काम गराउन सकिने उल्लेख छ।त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत काम गराउन सकिने व्यवस्था छ।पालिकाले आफ्नो कार्य क्षेत्रका वाटाघाटाहरुको नामाकरण गरी अभिलेख समेत नराखेको अवस्थामा लेन्थ वर्कर राखी खर्च गर्न उपयुक्त देखिएन ।यस वर्ष देहाय वमोजिम रु ९०३५९५५।खर्च गरेको छ। पालिकाले लेन्थ वर्करवाट के कति कार्य भएको हो सोको मूल्यांकन समेत नगरी खर्च लेखेको नियमसम्मत नदेखिएको रु	९,०३५,९५५

भौ नं मिति	विवरण	भुक्तानी रकम	संख्या
२०-२०७७।७।३	श्रावण,भाद्र, असौज	२१०५००।	५२
४९-२०७७।९।८	कार्तिक,मंसीर	१४०३४९०	५२
७६-२०७७।११।१०	पौष,माघ	१४०७९३५।	५२
११७-२०७८।१।२२	फागुन,चैत्र	११७७३०५।	४४
१५२-२०७८।३।१७	वैशाख,जेठ	११६६८५५।	४४
१५६-२०७८।३।१८	फागुन-वैशाख	३०८९७०।	९
२१७-२०७८।३।३०	असार	६९८५००।	४३
२४४-२०७८।३।३१	वैशाख-असार	६६०८००।	१२
२५८-२०७८।३।३१	जेठ	१०७१००।	९
	जम्मा	९०३५९५५।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४६.२			निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ मा तलवी प्रतिवेदन पारित गरेर मात्र तलव तथा ग्रेड खर्च लेख्नु पर्ने व्यवस्था छ। कार्यालयले तलवी प्रतिवेदन पारित नगरी तलव भत्ता खर्च लेखेको छ। प्रतिवेदन पारित नगरी तलव तथा ग्रेड खर्च लेखेको सम्वन्धमा एकिन गर्न सकिएन । तसर्थ तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता खर्च लेख्नु पर्दछ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४७</td><td></td><td></td><td>अनुगमन भत्ता
स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन २०७६ को दफा १४(२)मा ऐनले निर्धारण गरेको सुविधा वाहेक अन्य सुविधा पाउने व्यवस्था देखिंदैन।त्यसैगरी भ्रमण खर्च नियमावली २०६४ मा समेत अनुगमन खर्च दिने व्यवस्था रहेको पाइदैन।यसरी ऐन नियममा व्यवस्था नभएकोमा देहाय वमोजिम लेखेको अनुगमन खर्च रु ५४००००।दिन मिल्ने आधार नदेखिएकोले असुल गर्नु पर्ने रु
<table>
<tr><th>भौ नं मिति</th><th>पदाधिकारीको नाम</th><th>दिन</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>२४२-०७८।३।३०</td><td>उपाध्यक्ष श्री विमला के.सी.लगायत १६ जना</td><td>१३२</td><td>१०००</td><td>१३२०००।</td></tr>
<tr><td>१४६-०७७।३।१६</td><td>५ नं वडाध्यक्ष श्री कलानिधि भण्डारी समेत ५ जना</td><td>११०</td><td>७००</td><td>७७०००।</td></tr>
<tr><td>१५४-०७८।३।१७</td><td>१ नं वडाध्यक्ष श्री चुरा वहादुर खत्री समेत ६ जना</td><td>१२६</td><td>१०००</td><td>१२६०००।</td></tr>
<tr><td>१८९-०७८।३।२५</td><td>२ नं वडाध्यक्ष टीका वहादुर रेग्मी लगायत ५ जना</td><td>६५</td><td>१०००</td><td>६५०००।</td></tr>
<tr><td>१९०-०७८।३।२५</td><td>३ नं वडाध्यक्ष श्री तोयनाथ शर्मा सापकोटा समेत ५ जना</td><td>५०</td><td>१०००</td><td>५००००।</td></tr>
<tr><td>१९१-०७८।३।२५</td><td>६ नं वडाध्यक्ष श्री हिरा वहादुर के.सी. लगायत ६ जना</td><td>९०</td><td>१०००</td><td>९००००।</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५७३</td><td></td><td>५४००००।</td></tr>
</table></td><td>५४०,०००</td></tr>
<tr><td>४८</td><td></td><td></td><td>वढी भुक्तानी
आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५)मा खर्च गर्दा खर्चको विल भरपाइ सहित लेखा राख्नुपर्ने व्यवस्था छ।५ नं वडा कार्यालयको चिया नास्ता तथा अनुगमनको रु ८९३००।को विल भरपाइ पेश भएकोमा गो.भौ.नं १९३ मिति २०७८।३।२६ वाट रु ९९१००। खर्च गरेकोले विल भरपाइ भन्दा वढी खर्च गरेको रु ९८००।असुल गर्ने रु</td><td>९,८००</td></tr>
<tr><td>४९</td><td></td><td></td><td>ठेक्का नं १ ।०७७।७८ गापा चक्रपथ</td><td></td></tr>
<tr><td>४९.१</td><td></td><td></td><td>निर्माण कार्य : ठेक्का नं. १।०७७।७८ गाउंपालिका स्तरीय चक्रपथ निर्माण कार्यको गर्ने कार्यको मूल्य अभिवृद्धि कर समेत लागत अनुमान रु. ५४७०७०२।। को कवोल अंक रु. २४८८७७१।३७ मा गंगा निर्माण सेवासंग २०७८।२।३० मा काम सम्पन्न गर्ने गरी २०७७।९।१३ मा सम्झौता भएकोमा प्रथम रनिङ विलसम्म रु. १०५२४५७। भुक्तानी भएकोमा देखिएका व्यहोराहरु निम्न छन् :</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४९.२			**खरिदमा सम्झौता कार्यान्वयनको अवस्था:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १११ मा बोलपत्रबाट हुने खरिदमा सम्झौता कार्यान्वयनको अवस्था अनुसार देहायका प्रकृया पालना गर्नुपर्ने व्यवस्था भएकोमा पालना भएको देखिएन । यसमा सुधार गर्नुपर्दछ । (क) पोष्ट बिड कन्फ्रेन्स गरेको छैन । (ख) सम्झौता कार्यान्वियनको कार्ययोजना र कार्यतालिका पेश नगरेको । (ग) प्रगति अनुगमन नगरेको । (घ) निर्माण कार्यस्थल सुम्पने गरेको छैन । (ङ) कार्यान्वयन सम्बन्धित कागजात सिलसिलाबद्ध र व्यवस्थित राखेको छैन । (च) बजेट र कस्ट एकाउन्टीङ्ग, वित्तीय व्यवस्थापन (छ) संझौता कार्यान्वयनको आवधिक प्रतिवेदन	
४९.३			**बिमा:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ अनुसार रु. १० लाख भन्दा बढी मूल्यको निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधिमा भएको हानी नोक्सानी समेत बेहोर्ने गरी बिमा गर्नुपर्ने व्यवस्था छ । लगत अनुमान बनाउंदा बिमाको व्यवस्था गरेता पनि निर्माण व्यवसायीले उक्त ठेक्काको बिमा गराएको छैन । अत: नियमले तोके अनुसार बिमा गरी जोखिम न्यूनिकरण गरिनु पर्दछ ।	
४९.४			**गुणस्तर परीक्षण** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामानहरु सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान बनाउंदा नै निर्माण सामग्रीहरुको गुणस्तर परिक्षणको प्रोभिजन राख्नुपर्नेमा नराखेकोले नियमसम्मत देखिएन । सो प्रोभिजन नराखेको कारण निर्माण सामग्री गुणस्तर भएको तथा सोही सामग्रीबाट निर्माण भएको संरचना गुणस्तर भए नभएको एकिन गर्न सकिएन । अत: गुणस्तर सुनिश्चित गर्नको लागि लागत अनुमान बनाउंदा गुणस्तर परीक्षणको प्रोभिजन राखी परीक्षण गर्नु पर्दछ ।	
५०			**हुलाके दोबाटो डाँडापोखरी सडक निर्माण योजना ठे न २०-२०७७।७८ आर आर कन्स्ट्रक्सन**	
५०.१	२९	२०७८-३-२६	**निर्माण कार्यः** कार्यालयले मु अ करसमेत लागत अनुमान रु ६५,१२,८३६।८३ भएको हुलाकै दोबाटे डाँडापोखरी सडक नियर्माण योजना प्याकेज २ निर्माणकालागी निर्माण व्यवसायी आर आर कन्स्ट्रक्सनको मु अ कर सहितको कबोल अंक रु ४०,१४,७२२।०९ स्वीकृत गरी मिति २०७८।३।१५ (२ महिना १० भित्र) मा कार्य सम्पन्न गर्ने गरी २०७८।१।६ मा ठेक्का सम्झौता गरेको देखियो । उक्त निर्माण कार्यकालागी यो वर्ष प्रथम चालु वीलको मु अ करसमेत रु ३,२३,५८५/- भुक्तानी गरेकोमा देहायका व्यहोराहरु देखिएका छन् ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५०.२			**खरिदमा सम्झौता कार्यान्वयनको अवस्थाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा देहायका कार्यहरु गर्नु पर्ने व्यवस्था रहेकोमा उल्लिखित कार्यहरु गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ । **क)** खरिद सम्झौता भएपछि सम्बन्धित निर्माण व्यवसायीसंग आवश्यकतानुसार पोष्ट बिड कन्फ्रेन्स गर्नु पर्ने **ख)** सम्झौता कार्यान्वयनको कार्ययोजना र कार्यतालिका तयार गर्ने **ग)** सम्झौता प्रशासन कार्य योजना अनुसार खरिद सम्झौताकौ कार्य योजनाको प्रगति अनुगमन, गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्ने **घ)** निर्माण व्यवसायीलाई निर्माण कार्यस्थल सुम्पने कार्य **ङ)** बजेट र लागत लेखा (कस्ट एकाउन्टीङ्ग) को पक्ष लगायत सम्झौता कार्यान्वयनको वित्तीय व्यवस्थापन पक्षको व्यवस्थापन गर्ने **च)** सम्झौता कार्यान्वयनको आवधिक प्रतिदन एक तहमाथीको अधिकारी समक्ष पेश गर्ने	
५०.३			**श्रोत सुनिश्चित एवं पूर्व स्वीकृतीः** कार्यालयले ठुला र बहुवर्षिय योजनाहरु सम्बन्धित अर्थ मन्त्रालयबाट श्रोत सुनिश्चित गरेर योजना कार्यान्वयन गरिएको हुनु पर्दछ । कार्यालयले मु अ कर र कन्टिन्जेन्सीसमेत लागत अनुमान रु ६५,१२,८३६।८३ भएको योजना निर्माणकालागी २०७८।३।१५ (२महिना १० दिन भित्र) मा सम्पन्न गर्ने गरि २०७८।१।६ मा ठेक्का सम्झौता गरेको देखियो । तर यस अनुसारको निर्माण कार्य सम्झौतामा तोकिएको समय सम्पन्न हुन नसक्ने भएतापनि श्रोत सुनिश्चत नगरि ठेक्का लगाएकोले कार्य सम्पन्न भएको छैन र अवधि थप सम्बन्धी कारवाही भएको पनि देखिएन । अतः ठुला निर्माण कार्यको श्रोत सुनिश्चित भए पश्चातमात्र निर्माण कार्य कार्यान्वयन गरिनु पर्दछ ।	
५०.४			**बिमाः** सार्जनिक खरिद नियमावली, २०६४ को नियम ११२ को उपनियम १ को खण्ड (ङ) उपखण्ड २ अनुसार निर्माण कार्यको विमा गराउँदा त्रुटी सच्याउने दायित्वको अवधि प्रारम्भ हुनु अघि उत्पन्न भएको कुनै कारणबाट त्रुटि सच्याउने दायित्वको अवधिमा भएको हानी नोक्सानीसमेत बेहोर्ने गरि विमा गराउनु पर्ने व्यवस्था छ । उल्लिखित निर्माण कार्यको बीमा मु अ करसमेत रु १८,४००।- विनियोजन भएकोमा बीमा गराएको देखिएन र खर्च लेखेको पनि देखिएन । अतः नियमानुसार निर्माण कार्यको विमा गराई निर्माणस्थलमा हुने दुर्घटनाको जोखिम न्यूनीकरण गरिनु पर्दछ ।	
५०.५			**निर्माण कार्यको अवधि थपः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० अनुसार खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले म्याद सकिनु कम्तीमा २१ दिन अगावै अवधि थपकोलागी निवेदन गर्नु पर्ने र सम्बन्धित निर्माण व्यवसायीले सम्झौता बमोजिमको काम समय मै सम्पन्न गर्न भरमग्दुर प्रयास गरेको नगरेको, निर्माण व्यवसायीलाई सम्झौता बमोजिम उपलब्ध उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध गराए नगराएको वा कार्यालयको कारणबाट काममा ढिलाई भए नभएको वा काबु बाहिरको परिस्थितिको कारणबाट काममा ढिलाई भए नभएको यकिन गरि अवधि थप गर्न सकिने व्यवस्था छ । उक्त निर्माण कार्यको शुरु कार्यसम्पन्न गर्नुपर्ने अवधि २०७८।३।२५ सम्म रहेकोमा निर्माण व्यवसायीले २०७८।२।२६ मा लकडाउनको कारण कार्यसम्पन्न गर्न नसकेको जनाई २०७८।३।३१ सम्म अवधि थपकालागी निवेदन दिएकोमा उक्त अवधिसम्म पनि कार्य सम्पन्न गरेको छैन र अवधि थप भएको पनि देखिएन । अतः निर्माण कार्यको सम्झौता अनुसार तोकिएको समयमा कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई नियमावली अनुसार पूर्व निर्धारित क्षतिपूर्तीसमेत आवश्यक कारवाही गरि कार्यसम्पन्न गराइनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५१			**हुलाके दोबाटो डाँडापोखरी सडक निर्माण योजना ठे न ३-२०७७।७८ विष्णुदेवी निर्माण सेवा**	
५१.१	२८	२०७८-३-२७	**निर्माण कार्यः** कार्यालयले मु अ करसमेत लागत अनुमान रु १,३९,१४,४९४।५९ भएको हुलाकै दोबाटे डाँडापोखरी सडक निर्माण योजना प्याकेज १ निर्माणकालागी निर्माण व्यवसायी विष्णुदेवी निर्माण सेवाको मु अ कर सहितको कबोल अंक रु ७४,०१,३२४।५८ स्वीकृत गरी मिति २०७८।३।३० (६ महिना २०दिन भित्र) मा कार्य सम्पन्न गर्ने गरी २०७७।९।१० मा ठेक्का सम्झौता गरेको देखियो । उक्त निर्माण कार्यकालागी यो वर्ष प्रथम चालु वीलको मु अ करसमेत रु ३७,१०,३८३/- भुक्तानी गरेकोमा देहायका व्यहोराहरु देखिएका छन् ।	
५१.२			**खरिदमा सम्झौता कार्यान्वयनको अवस्थाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा देहायका कार्यहरु गर्नु पर्ने व्यवस्था रहेकोमा उल्लिखित कार्यहरु गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ । **क)** खरिद सम्झौता भएपछि सम्बन्धित निर्माण व्यवसायीसंग आवश्यकतानुसार पोष्ट बिड कन्फ्रेन्स गर्नु पर्ने **ख)** सम्झौता कार्यान्वयनको कार्ययोजना र कार्यतालिका तयार गर्ने **ग)** सम्झौता प्रशासन कार्य योजना अनुसार खरिद सम्झौताकौ कार्य योजनाको प्रगति अनुगमन, गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्ने **घ)** निर्माण व्यवसायीलाई निर्माण कार्यस्थल सुम्पने कार्य **ङ)** बजेट र लागत लेखा (कस्ट एकाउन्टीङ्ग) को पक्ष लगायत सम्झौता कार्यान्वयनको वित्तीय व्यवस्थापन पक्षको व्यवस्थापन गर्ने **च)** सम्झौता कार्यान्वयनको आवधिक प्रतिदन एक तहमाथीको अधिकारी समक्ष पेश गर्ने	
५१.३			**श्रोत सुनिश्चित एवं पूर्व स्वीकृतीः** कार्यालयले ठुला र बहुवर्षिय योजनाहरु सम्बन्धित अर्थ मन्त्रालयबाट श्रोत सुनिश्चित गरेर योजना कार्यान्वयन गरिएको हुनु पर्दछ । कार्यालयले मु अ कर र कन्टिन्जेन्सीसमेत लागत अनुमान रु १,४३,९९,९६३।२१ भएको योजना निर्माणकालागी २०७८।३। (६ महिना २० दिन भित्र) मा सम्पन्न गर्ने गरि २०७७।९।१० मा ठेक्का सम्झौता गरेको देखियो । तर यस अनुसारको निर्माण कार्य सम्झौतामा तोकिएको समय सम्पन्न हुन नसक्ने भएतापनि श्रोत सुनिश्चत नगरि ठेक्का लगाएकोले कार्य सम्पन्न भएको छैन र अवधि थप सम्बन्धी कारवाही भएको पनि देखिएन । अतः ठुला निर्माण कार्यको श्रोत सुनिश्चित भए पश्चातमात्र निर्माण कार्य कार्यान्वयन गरिनु पर्दछ ।	
५१.४			**कार्य सम्पादन जमानतः** सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा ४ मा निर्माण कार्यका बोलपत्रदाताले कार्य सम्पादन जमानत दाखिला गर्दा लागत अनुमान भन्दा १५ प्रतिशतसम्म कम अङ्क कबुल गरेमा कबुल अङ्कको पाँच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशत भन्दा बढी घटेर कबुल गरेको अवस्थामा पन्ध्र प्रतिशत भन्दा जति रकमले घटी कबुल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम कबुल अङ्कको पाँच प्रतिशतमा थप गरि कार्यसम्पादन जमानत बापत दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कन्टिन्जेन्सि बाहेकको लागत अनुमान रु १,३९,१४,४९४।५९ भएको उल्लिखित निर्माण कार्यको कबोल अङ्क रु ७४,०१,३२४।५८ रहेकोले निर्माण व्यवसायीले रु २५,८३,०६४।- को कार्य सम्पादन जमानत पेश गर्नुपर्नेमा ग्लोबल आईएमइ बैंकको मान्य अवधि २०७९।६।१ सम्म अवधि भएको रु २५,८२,०००। को मात्र कार्यसम्पादन जमानत पेश गरेकोले घटी जमानत पेश गरेको देखियो । अतः उल्लिखित अनुसार सोसमेतको जमानत पेश गर्नु पर्ने देखिएको रु	२,५८३,०६४

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५१.५			**बिमाः** सार्जनिक खरिद नियमावली, २०६४ को नियम ११२ को उपनियम १ को खण्ड (ङ) उपखण्ड २ अनुसार निर्माण कार्यको विमा गराउँदा त्रुटी सच्याउने दायित्वको अवधि प्रारम्भ हुनु अघि उत्पन्न भएको कुनै कारणबाट त्रुटि सच्याउने दायित्वको अवधिमा भएको हानी नोक्सानीसमेत बेहोर्ने गरि विमा गराउनु पर्ने व्यवस्था छ । उल्लिखित निर्माण कार्यको बीमा मु अ करसमेत रु ३६,०००।- विनियोजन भएकोमा बीमा गराएको देखिएन र खर्च लेखेको पनि देखिएन । अतः नियमानुसार निर्माण कार्यको विमा गराई निर्माणस्थलमा हुने दुर्घटनाको जोखिम न्यूनीकरण गरिनु पर्दछ ।	
५१.६			**निर्माण कार्यको अवधि थपः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० अनुसार खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले म्याद सकिनु कम्तीमा २१ दिन अगावै अवधि थपकोलागी निवेदन गर्नु पर्ने र सम्बन्धित निर्माण व्यवसायीले सम्झौता बमोजिमको काम समय मै सम्पन्न गर्न भरमग्दुर प्रयास गरेको नगरेको, निर्माण व्यवसायीलाई सम्झौता बमोजिम उपलब्ध उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध गराए नगराएको वा कार्यालयको कारणबाट काममा ढिलाई भए नभएको वा काबु बाहिरको परिस्थितिको कारणबाट काममा ढिलाई भए नभएको यकिन गरि अवधि थप गर्न सकिने व्यवस्था छ । उक्त निर्माण कार्यको शुरु कार्यसम्पन्न गर्नुपर्ने अवधि २०७८।३।२० सम्म रहेकोमा निर्माण व्यवसायीले २०७८।२।२६ मा लकडाउनको कारण कार्यसम्पन्न गर्न नसकेको जनाई २०७८।३।३१ सम्म अवधि थपकालागी निवेदन दिएकोमा उक्त अवधिसम्म पनि कार्य सम्पन्न गरेको छैन र अवधि थप भएको पनि देखिएन । अतः निर्माण कार्यको सम्झौता अनुसार तोकिएको समयमा कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई नियमावली अनुसार पूर्व निर्धारित क्षतिपूर्तीसमेत आवश्यक कारवाही गरि कार्यसम्पन्न गरिनु पर्दछ ।	
५२			**ठेक्का नं. ११।०७७।७८ पनाह घाट पालुखा सडक निर्माण कार्य**	
५२.१			**निर्माण कार्य** : ठेक्का नं. ११।०७७।७८ पनाह घाट पालुखा सडक निर्माण कार्यको मूल्य अभिवृद्धि कर समेत लागत अनुमान रु. १९३८३०६।५३ को कवोल अंक रु. ९१२६८३।५६ मा स्टार विन्दाबासिनी कन्स्ट्रकसन प्रालि संग २०७८।१।५ मा काम सम्पन्न गर्ने गरी २०७७।१०।१५ मा सम्झौता भएकोमा उक्त कार्य २०७८।१।३ मा सम्पन्न भई रु. ८२८०६७।६३ भुक्तानी भएकोमा देखिएका व्यहोराहरु निम्न छन् :	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५२.२			**खरिदमा सम्झौता कार्यान्वयनको अवस्था:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १११ मा बोलपत्रबाट हुने खरिदमा सम्झौता कार्यान्वयनको अवस्था अनुसार देहायका प्रकृया पालना गर्नुपर्ने व्यवस्था भएकोमा पालना भएको देखिएन । यसमा सुधार गर्नुपर्दछ । (क) पोष्ट बिड कन्फ्रेन्स गरेको छैन । (ख) सम्झौता कार्यान्वियनको कार्ययोजना र कार्यतालिका पेश नगरेको । (ग) प्रगति अनुगमन नगरेको । (घ) निर्माण कार्यस्थल सुम्पने गरेको छैन । (ङ) कार्यान्वयन सम्बन्धित कागजात सिलसिलाबद्ध र व्यवस्थित राखेको छैन । (च) बजेट र कस्ट एकाउन्टीङ्ग, वित्तीय व्यवस्थापन (छ) संझौता कार्यान्वयनको आवधिक प्रतिवेदन	
५२.३			**गुणस्तर परीक्षण** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामानहरु सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । ठेक्कामा गुणस्तर परीक्षणको प्रोभिजन भए पनि परिक्षण नगरेकोले नियमको पालना गरेको देखिएन । निर्माण कार्यको गुणस्तर सम्वन्धमा एकिन गर्न सकिएन । अत: पालिकाले गुणस्तर परीक्षणको व्यवस्था गरी निर्माण कार्यमा प्रयोग भएका निर्माण सामग्रीहरुको गुणस्तर परीक्षण गर्नु पर्दछ ।	
५३			**१५ शैया अस्पताल निर्माण कार्य ठे न २९-२०७७।७८ सुनिल समिर जे भी**	
५३.१	१	२०७८-३-१७	**निर्माण कार्यः** कार्यालयले कन्टिन्जेन्सी र मु अ करसमेत लागत अनुमान रु १८,२४,२९,४३५।११ भएको १५ शैयाको अस्तपताल भवन निर्माणकालागी निर्माण व्यवसायी सुनिल समिर जे भी को मु अ कर सहितको कबोल अंक रु १०,८५,४१,७२२।७३ स्वीकृत गरी मिति २०८०।३।२ मा कार्य सम्पन्न गर्ने गरी २०७८।३।६ मा ठेक्का सम्झौता गरेको देखियो । उक्त निर्माण कार्यकालागी यो वर्ष मोविलाईजेशन रु ८१,००,०००/- भुक्तानी गरेकोमा देहायका व्यहोराहरु देखिएका छन् ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५३.२			**खरिदमा सम्झौता कार्यान्वयनको अवस्थाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा देहायका कार्यहरु गर्नु पर्ने व्यवस्था रहेकोमा उल्लिखित कार्यहरु गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ । **क)** खरिद सम्झौता भएपछि सम्बन्धित निर्माण व्यवसायीसंग आवश्यकतानुसार पोष्ट बिड कन्फ्रेन्स गर्नु पर्ने **ख)** सम्झौता कार्यान्वयनको कार्ययोजना र कार्यतालिका तयार गर्ने **ग)** सम्झौता प्रशासन कार्य योजना अनुसार खरिद सम्झौताकौ कार्य योजनाको प्रगति अनुगमन, गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्ने **घ)** निर्माण व्यवसायीलाई निर्माण कार्यस्थल सुम्पने कार्य **ङ)** बजेट र लागत लेखा (कस्ट एकाउन्टीङ्) को पक्ष लगायत सम्झौता कार्यान्वयनको वित्तीय व्यवस्थापन पक्षको व्यवस्थापन गर्ने **च)** सम्झौता कार्यान्वयनको आवधिक प्रतिदन एक तहमाथीको अधिकारी समक्ष पेश गर्ने	
५३.३			**मूल्य समायोजनः** सार्वजनिक खरिद नियमावाली, २०६४ को नियम ११९ अनुसार कार्यालयले मूल्य समायोजन गर्न सकिने कुरा खरिद सम्झौतामा मूल्य समायोजनको व्यवस्था गर्दा मूल्य समायोजन गर्ने अवस्था तथा मूल्य समायोजन सूत्रको प्रयोगबाट देखिनु पर्ने न्यूनतम मूल्य बृद्धि र मूल्य समायोजन सम्बन्धी प्रावधान लागु हुन पुरा हुनुपर्ने शर्त तथा बन्देजसमेत उल्लेख गर्नु पर्ने व्यवस्था छ । त्यस अनुसार निर्माण कार्यको सम्झौतामा कार्यालयले निर्माण व्यवसायीलाई मूल्य बृद्धि सम्झौताका समयमा भएको मूल्य र निर्माण कार्यको खर्च भुक्तानि गर्दाका समयमा हुने मूल्य दरको अवस्थाको आधारमा मूल्य बृद्धि दिईंदा सम्झौताका समयमा दिइएको मोविलाईजेशन पेश्की कटाए पश्चातको भुक्तानीमा मात्र मूल्य समायोजनको भुक्तानीमा मात्र दिइने व्यवस्था गरिएको हुनु पर्दछ । व्यवसायीलाई संगको ठेक्का सम्झौताको दफा ५३. मा मोविलाईजेशन पेश्की कटाउनु भन्दा पहिला (Before deducting for Advance payment) को व्यवस्था राखेकोले सम्झौताकै समयमा भुक्तानी गरि सकेको रकममासमेत मूल्य बृद्धि भुक्तानी दिनु पर्ने अवस्था रहेको देखियो । अतः कार्यालयले निर्माण कार्यको ठेक्का सम्झौता गर्दा मोविलाईजेशन पेश्की कट्टा गरे पश्चातको भुक्तानिमा मात्र मूल्य समायोजन भुक्तानी दिने व्यवस्था गरिनु पर्नेदेखिन्छ । यसमा सुधार गरिनु पर्दछ ।	
५३.४			**कार्य सम्पादन जमानतः** सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा ४ मा निर्माण कार्यका बोलपत्रदाताले कार्य सम्पादन जमानत दाखिला गर्दा लागत अनुमान भन्दा १५ प्रतिशतसम्म कम अङ्क कबुल गरेमा कबुल अङ्कको पाँच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशत भन्दा बढी घटेर कबुल गरेको अवस्थामा पन्ध्र प्रतिशत भन्दा जति रकमले घटी कबुल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम कबुल अङ्कको पाँच प्रतिशतमा थप गरि कार्यसम्पादन जमानत बापत दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कन्टिन्जेन्सि बाहेकको लागत अनुमान रु १५,१९,१९,५५३।- भएको उल्लिखित निर्माण कार्यको कबोल अङ्क रु १०,८५,४१,७२२।७३ रहेकोले निर्माण व्यवसायीले रु १,५७,२२,०३६।- को कार्य सम्पादन जमानत पेश गर्नुपर्नेमा नेपाल बंगलादेश बैंकको मान्य अवधि २०८१।३।३१ सम्म अवधि भएको रु १०७,८०,०००। को मात्र कार्यसम्पादन जमानत पेश गरेकोले रु ४९,४२,०३६।- घटी जमानत पेश गरेकोले नियमसम्मत देखिएन । अतः उल्लिखित अनुसारको थप जमानत पेश गर्नु पर्ने देखिएको रु	४,९४२,०३६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५४	१	२०७८-३-२४	**देउराली पार्क निर्माण कार्य ठे न ४३-२०७७।७८ स्टार विन्दवासिनी निर्माण सेवा** **अधुरो निर्माण कार्यः** कार्यालयले मु अ करसमेत लागत अनुमान रु ७,०८,४९०।४३ भएको ठे न ४३-२०७७।७८ देउराली पार्क निर्माण प्याकेज-२ कालागी निर्माण व्यवसायी स्टार विन्दवासिनी निर्माण सेवाको मु अ कर सहितको कबोल अंक रु ६,७६,८१८।४३ स्वीकृत गरी मिति २०७८।३।२५ (१९ दिन भित्र) मा कार्य सम्पन्न गर्ने गरी २०७८।३।६ मा ठेक्का सम्झौता गरेको देखियो । निर्माण व्यवसायीले उक्त २०७८।३।२५ मा निर्माण कार्य सम्पन्न भएको जानकारीको निवेदन (कार्यालयमा दर्ता नभएको) दिएकोले कार्यालयले मु अ करसमेत रु ३,५६,११८।३३ (सम्झौता रकमको ५२.६२ प्रतिशत) मात्र भुक्तानी दिएको देखियो । निर्माण ब्यवसायीले उक्त निर्माण कार्य सम्पन्न नगरी अधुरै छोडेकोमा कार्यालयले कुनै कारवाहीसमेत गरेको देखिएन । उक्त निर्माण कार्यको कार्य स्वीकार प्रतिवेदन पनि तयार गरेको छैन । अतः ठेक्का सम्झौता अनुसार तोकिएको कार्य नगर्ने व्यवसायीको धरौटि तथा कार्यसम्पादन जमानत जफत वा नियमानुसार अन्य आवश्यक कारबाही गरि निर्माण कार्य सम्पन्न गराइनु पर्दछ ।	
५५	१	२०७८-३-२४	**देउराली पार्क निर्माण कार्य ठे न ३०-२०७७।७८ स्टार विन्दवासिनी निर्माण सेवा** **अधुरो निर्माण कार्यः** कार्यालयले मु अ करसमेत लागत अनुमान रु २४,१४,३४२।६१ भएको ठे न ३०-२०७७।७८ देउराली पार्क निर्माण प्याकेज-१ कालागी निर्माण व्यवसायी स्टार विन्दवासिनी निर्माण सेवाको मु अ कर सहितको कबोल अंक रु १७,०५,५६५।२० स्वीकृत गरी मिति २०७८।३।२५ (२ महिना १० दिन भित्र) मा कार्य सम्पन्न गर्ने गरी २०७८।१।१४ मा ठेक्का सम्झौता गरेको देखियो । निर्माण व्यवसायीले उक्त २०७८।३।२५ मा निर्माण कार्य सम्पन्न भएको जानकारीको निवेदन (कार्यालयमा दर्ता नभएको) दिएकोले कार्यालयले मु अ करसमेत रु १४,३३,६०९।८ (सम्झौता रकमको ८४.०५ प्रतिशत) मात्र भुक्तानी दिएको देखियो । उक्त निर्माण कार्यको कार्य स्वीकार प्रतिवेदन पनि तयार गरेको छैन । निर्माण ब्यवसायीले उक्त निर्माण कार्य सम्पन्न नगरी अधुरै छोडेकोमा कार्यालयले कुनै कारवाहीसमेत गरेको देखिएन । अतः ठेक्का सम्झौता अनुसार तोकिएको कार्य नगर्ने व्यवसायीको धरौटि तथा कार्यसम्पादन जमानत जफत वा नियमानुसार अन्य आवश्यक कारबाही गरि निर्माण कार्य सम्पन्न गराइनु पर्दछ ।	
५६			**ठेक्का नं. १५।०७७।७८ देउराली लिफ्ट खानेपानी योजना**	
५६.१			**निर्माण कार्य** : ठेक्का नं. १५।०७७।७८ देउराली लिफ्ट खानेपानी योजना निर्माण कार्यको मूल्य अभिवृद्धि कर समेत लागत अनुमान रु. ५१३५१७८।७९ को कवोल अंक रु. ४५४१७२८।९३ मा लिजा निर्माण सेवासंग २०७७।३।३० मा काम सम्पन्न गर्ने गरी २०७६।११।२६ मा सम्झौता भएकोमा प्रथम रनिङ बिलसम्म रु. २६१३७५१।४९ भुक्तानी भएकोमा देखिएका व्यहोराहरु निम्न छन् :	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५६.२			**खरिदमा सम्झौता कार्यान्वयनको अवस्था:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १११ मा बोलपत्रबाट हुने खरिदमा सम्झौता कार्यान्वयनको अवस्था अनुसार देहायका प्रकृया पालना गर्नुपर्ने व्यवस्था भएकोमा पालना भएको देखिएन । यसमा सुधार गर्नुपर्दछ । (क) पोष्ट बिड कन्फ्रेन्स गरेको छैन । (ख) सम्झौता कार्यान्वियनको कार्ययोजना र कार्यतालिका पेश नगरेको । (ग) प्रगति अनुगमन नगरेको । घ) निर्माण कार्यस्थल सुम्पने गरेको छैन । (ङ) कार्यान्वयन सम्बन्धित कागजात सिलसिलाबद्ध र व्यवस्थित राखेको छैन । (च) बजेट र कस्ट एकाउन्टीङ्ग, वित्तीय व्यवस्थापन (छ) संझौता कार्यान्वयनको आवधिक प्रतिवेदन	
५६.३			**गुणस्तर परीक्षण** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामानहरु सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान बनाउंदा नै निर्माण सामग्रीहरुको गुणस्तर परिक्षणको प्रोभिजन राख्नुपर्नेमा नराखेकोले नियमसम्मत देखिएन । सो प्रोभिजन नराखेको कारण निर्माण सामग्री गुणस्तर भएको तथा सोही सामग्रीबाट निर्माण भएको संरचना गुणस्तर भए नभएको एकिन गर्न सकिएन । अत: गुणस्तर सुनिश्चित गर्नको लागि लागत अनुमान बनाउंदा गुणस्तर परीक्षणको प्रोभिजन राखी परीक्षण गर्नु पर्दछ ।	
५७			**ठेक्का नं. २५।०७७।७८ वडा स्तरीय खानेपानी योजना**	
५७.१			**निर्माण कार्य** : ठेक्का नं. २५।०७७।७८ वडा स्तरीय खानेपानी निर्माण गर्ने कार्यको मूल्य अभिवृद्धि कर समेत लागत अनुमान रु. १६३७५०४।९१ को कवोल अंक रु. १३८७७३४।९२ मा छपनी डेभ्लपर्स प्रा लि संग २०७८।२।३० मा काम सम्पन्न गर्ने गरी २०७७।१२।८ मा सम्झौता भएकोमा कार्य सम्पन्न भई रु. १३८७७३४। भुक्तानी भएकोमा देखिएका व्यहोराहरु निम्न छन् :	
५७.२			**गुणस्तर परीक्षण** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामानहरु सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान बनाउंदा नै निर्माण सामग्रीहरुको गुणस्तर परिक्षणको प्रोभिजन राख्नुपर्नेमा राखेको छैन । सो प्रोभिजन नराखेको कारण निर्माण सामग्री गुणस्तर भएको तथा सोही सामग्रीबाट निर्माण भएको संरचना गुणस्तर भए नभएको एकिन गर्न सकिएन । अत: गुणस्तर सुनिश्चित गर्नको लागि लागत अनुमान बनाउंदा गुणस्तर परीक्षणको प्रोभिजन राखी परीक्षण गर्नु पर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५७.३</td><td></td><td></td><td>

बिमा: सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ अनुसार रु. १० लाख भन्दा बढी मूल्यको निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधिमा भएको हानी नोक्सानी समेत बेहोर्ने गरी बिमा गर्नुपर्ने व्यवस्था छ। लगत अनुमान बनाउंदा बिमाको व्यवस्था गरेता पनि निर्माण व्यवसायीले उक्त ठेक्काको बिमा नगराएकोले नियम सम्मत देखिएन। अत: नियमले तोके अनुसार बिमा गरी जोखिम न्यूनिकरण गरिनु पर्दछ।

</td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>

सम्परीक्षण

(क) सम्परीक्षणः प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा ७४ दफा ३८ वमोजिम अन्तिम लेखापरीक्षणवाट कायम भएको वेरुजु असुल गरी वेरुजु फछ्यौंट तथा नियमित गर्नु पर्ने व्यवस्था छ।आ.व.२०७६।७७ सम्म वांकी वेरुजु रु २ करोड २२ लाख २४ हजार रहेकोमा सम्परीक्षणको लागि रु 542950 पेश भएको छ।लगत कट्टाको जानकारी पछि पठाइने छ।

<table>
<tr><th>आ.व.</th><th>दफा</th><th>व्यहोरा</th><th>फर्छ्यौट रकम</th><th>कैफियत</th></tr>
<tr><td>२०७६।७७</td><td>६४</td><td>सफ्टवेयर खरिद वापत मालिका इन्फोसिस एण्ड सर्भिसेज प्रा लि काठमाडौलाई रु ४९१५५०। भुक्तानी दिएकोमा सफ्टवेयर संचालनमा नआएको रु</td><td>४९१५५०।</td><td>प्रमाण पेश भएको ।</td></tr>
<tr><td>२०७६।७७</td><td>७१</td><td>वडा नं ५मा ३३ सेट टनेल खरिद भएकोमा ३५ सेटको भुक्तानी भएको रु</td><td>९०००।</td><td>प्रमाण पेश भएको ।</td></tr>
<tr><td>२०७६।७७</td><td>८१।४</td><td>भ्रमणमा खटिने कर्मचारीहरुको भ्रमण अभिलेख खाता नराखेको रु</td><td>३८३००।</td><td>प्रमाण पेश भएको ।</td></tr>
<tr><td>२०७६।७७</td><td>८१।१९</td><td>गो भौ नं ८० २०७६।११।२० मा भएको भुक्तानी अनुसार प्रस्तावनामा ६४७८००। रहेकोमा भुक्तानी रु ५१९०० भइ वढी भुक्तानी रु ४१००</td><td>४१००।</td><td>प्रमाण पेश भएको ।</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>५४२९५०।</td><td></td></tr>
</table>

ख) अद्यावधिक वेरुजु - यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ।

(रु.हजारमा)

<table>
<tr><th>गत वर्ष सम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)</th><th>यो वर्ष कायम बेरुजू (C)</th><th>संपरीक्षणबाट कायम बेरुजू (D)</th><th>अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D)</th></tr>
<tr><td>२२२२४</td><td>५४३</td><td>३३८४८</td><td>०</td><td>५५५२९</td></tr>
</table>

</td><td></td></tr>
</table>